www.newsok.com.np @newsok.com.np @newsok_bhw

सम्बृद्ध नेपाल, तपाईंको समाचार, तपाईंको पत्रिका

# न्यूज ओके

NEWS OK NATIONAL WEEKLY




वर्ष-१, अंक-१० | सिद्धार्थनगर, भैरहवा | २०७३ असोज ६ गते बिहीबार (22 Sept, 2016 Thursday) | पृष्ठ-८ | मूल्य : नि:शुल्क



बालबालिकालाई झोला र मसलन्द प्रदान
विविध समाचार २



चैतन्य रेडिमिक्स बजारमा
अर्थान्तर ३



बिमा ऐनले गर्दा अस्वस्थ प्रतिस्पर्धा
बैंक वित्त/सहकारी/बजार ६




World Tourism Day on September 27th
English Page ७



**तिमीलाई देखेर हिमाल हाँसेको** असोज २ गते आकाश खुलेकोबेला भैरहवाको मैत्रीपथबाट उत्तरतर्फ देखिएको धवलागिरी, अन्नपूर्ण, माछापुच्छे लगायतका हिमशृङ्खलाहरू ।
*तस्वीर सौजन्य: राजेश अमात्य/भैरहवा*

# अनुदानको सौर्यबत्तीमा भैरहवाबासी अनिच्छुक

*न्यूज ओके रिपोर्टर*
भैरहवा ।



जनसहभागितामा आधारित सडक सौर्यबत्ती जडान कार्यक्रममा भैरहवा बासी अनिच्छुक रहेको पाइएको छ । सिद्धार्थनगर नगरपालिकाले दोश्रो चरणका लागि सौर्यबत्ती जडान गर्न इच्छुकहरूलाई प्रस्ताव हाल्न भन्दै भदौ ८ गते सार्वजनिक सूचना जारी गरेको थियो ।

तर कुनै व्यक्ति संघ संस्थाले अन्तिम मिति भदौ २५ गते सम्म पनि प्रस्ताव नहाले पछि नगरबासीहरूको जनसहभागितामा आधारीत कार्यक्रममा इच्छा नदेखिएको पाइएको सिद्धार्थ नगरपालिकाका कार्यकारी प्रमुख बिष्णुदत्त गौतमले बताए ।

पहिलो चरणमा सिमित मात्र प्रस्ताव आयो, जति आउनुपर्ने हो आउन सकेन झन दोश्रो चरणको प्रस्तावमा एकैजनाको पनि परेन, कार्यकारी प्रमुख गौतमले भने ।

जनसहभागितामा आधारीत सडक सौर्यबत्ती कार्यक्रममा सरकारको ८५ प्रतिशत र सर्वसाधारणले कुल खर्चको १५ प्रतिशत मात्र व्यहोर्न पर्दछ । यो प्रस्ताव अनुसार प्रथम चरणमा सि.न.पा. वडा नम्बर १२ का तत्कालिन वार्ड अध्यक्ष करूञ्जन श्रेष्ठले पहल गरेर कालिका स्थान र बैंकरोडको केही क्षेत्रमा, लुम्बिनी रण अम्बिका आँखा अस्पतालमा र वडा नम्बर ९ नयाँ कोलोनी क्षेत्रमा केही बाहेक कसैले पनि प्रस्ताव नहालेको नगरपालिकाका बरीष्ठ लेखा अधिकृत गणेश बहादुर क्षेत्रीले बताए । प्रत्यक्ष रूपमा समाजमा मिलेर पैसा लगानी गरी जनसहभागिताको काममा नगरबासीको सहभागिता देखिएन्, क्षेत्रीले भने ।

सडक सौर्यबत्ती कार्यक्रमका लागि एक पोलमा बत्ती जडान गरेको कम्तिमा १ लाख रूपैयाँ खर्च लाग्ने गर्छ । यो बत्तीको ३ देखि ५ वर्ष सम्मको ग्यारेन्टी तथा पोल सहितमा १ लाख र पोल बाहेक ८० हजारको हाराहारीमा तयार हुने गरेको छ ।

प्रथम चरणमा जम्मा ३० लाख रूपैयाँ लागत बराबरको सौर्य बत्ती जडानका लागि प्रस्ताव स्वीकृत भएर आएको छ । सबै काम नगरपालिका आफैले गरिदिओस् र जिम्मेवारी पनि नगरपालिकाको होस, हामीले कर तिरेका छौं, उसैले सबै गरोस् भन्ने धारणा राख्ने गरेको पाइएको कार्यकारी प्रमुख गौतमले जनाए ।

नगरपालिकाले प्रस्ताव गरेको सौर्यबत्तीमा अटोमेटिक बत्ती रहेका छन् । प्रत्येक पोलमा ४० वाटको विद्युत् बल्ने छन् । तर यती राम्रो प्रस्तावमा नगरबासी उत्साहित हुन सकेनन् । हामीले थाहा नै पाएनौ, पक्लीहवाका एक नगरबासीले भने । समयमै थाहा पाएको भए लगाउने थियौ । नगरपालिकाले भने प्रत्येक वडा कार्यालयमा सुचना प्रकाशित गरेको, स्थानीय सञ्चार माध्यम मार्फत आम जनतालाई जानकारी गराएको नगरपालिका कार्यालयका सुचना अधिकारी देब ज्ञवालीले बताए ।

दोश्रो चरणको प्रस्तावमा कहि कतैबाट पनि प्रस्ताव नआए पछि नगरपालिका आफैले महत्वपुर्ण स्थानहरू सिद्धार्थ बसपार्क, हाटबजार क्षेत्र लगायतका केही अन्य स्थानहरूमा आफै सडक सौर्यबत्ती जडान गर्ने मनस्थितिमा पुगेको छ । जनसहभागिताको कुरामा भने भैरहवाका भन्दा बुटवल क्षेत्रका जनता अगाडी रहेको पाइएको छ ।

सडक सौर्यबत्ती जडानका लागि ५ करोड को हाराहारीमा प्रस्ताव पठाइएकोमा करीब अढाई करोड रूपैयाँ सडक सौर्यबत्ती जडानका लागि स्वीकृत भएर आएको छ । यसले पनि जनसहभागितामा हुने विकास निर्माण काममा भैरहवा भन्दा बुटवल धेरै अगाडी भएको प्रष्ट रहेको देखिन्छ । यसले पनि विकास निर्माणका काममा जनताको इच्छा केमा कति छ भन्ने प्रष्ट रहेको देखिन्छ ।

**सातामभरीको सुनचाँदीको मूल्य**

रुपन्देही

| बार/गते | सुन | चाँदी |
|---|---|---|
| बिही, भदौ ३० गते | ५९,००० ।- | ८९० ।- |
| शुक्र, भदौ ३१ गते | ५८,७०० ।- | ८९० ।- |
| शनि, असोज १ गते | ५८,६०० ।- | ८८५ ।- |
| आइत, असोज २ गते | ५८,६०० ।- | ८८५ ।- |
| सोम, असोज ३ गते | ५८,८०० ।- | ९०० ।- |
| मंगल, असोज ४ गते | ५८,९०० ।- | ९०५ ।- |
| बुध, असोज ५ गते | ५८,९०० ।- | ९०० ।- |

मूल्य/प्रति तोला (११.६६४ ग्राम=१ तोला)
सौजन्य: पर्वत ज्वेलर्स, बैंकरोड, भैरहवा
फोन: ०७१-५२१२३३

# पश्चिम नेपाल र सिद्धार्थले दशैंमा यातायात सहज बनाउने

*मनोरञ्जन शर्मा*
भैरहवा ।

दशै आउनु अघिबाट नै यात्रुहरूको चाप अस्वाभाविक रूपमा बढ्ने भएपछि पश्चिम नेपाल बस व्यवसायी संघ र सिद्धार्थ यातायात व्यवसायी समितिले विगतमा जस्तै यस पटक पनि अतिरिक्त सवारी साधन चलाउने जनाएका छन् । पश्चिम नेपालले बुटवललाई र सिद्धार्थले भैरहवालाई केन्द्र बनाएर सार्वजनिक यातायात सेवा सञ्चालन गर्दै आएका छन् ।

दुवै समितिले शुक्रबारबाट सुरू हुने टिकट बुकिंगको आधारमा अतिरिक्त बस सञ्चालनमा ल्याउने भएका हुन् ।




पश्चिम नेपाल बस व्यवसायी संघका अध्यक्ष दधिराम खरेलले दशैमा सबै यात्रुहरूले सहज रूपमा यात्रा गर्न सकुन र सुरक्षित एवं सजिलैसँग आफ्नो गन्तव्यमा पुग्न सकुन भन्दै बस र जिप संख्या टिकट बुकिंगको आधारमा थप्ने आन्तरिक तयारी भइसकेको बताए । “दशैमा स्वभाविक रूपमा यात्रुहरूको चाप बढ्छ, हामीहरू रूट परमिट भएका स्थानमा आवश्यकता अनुसार बस जिपहरू दशैमा सञ्चालन गर्छौं,” खरेलले भने ।

पश्चिम नेपाल बस संघले बढी यात्रुको चाप हुने काठमाण्डौंबाट बुटवल, भैरहवा आउने र जाने मात्र नभई स्याङ्जा, गुल्मी, अर्घाखाँची लगायतका स्थानमा यात्रु अधिक रहने बताएको छ । संघले दशैका अवसर पारेर यात्रुलाई सजिलोको लागि सुर्खेत र पूर्वी नेपालमा पनि रात्रि बस सञ्चालनको योजना बनाएको छ ।

उता सिद्धार्थ यातायात व्यवसायी समितिले पनि आफुले यातायात सेवा सञ्चालन गर्दै आइरहेको सबै गन्तव्यहरूमा यात्रुको चाप अनुसार यातायातका साधन थप्ने भएको छ । शुक्रबारबाट अग्रिम
**(बाँकी ५ पेजमा)**






**ट्रष्टको सहरानीय काम**

*उद्योगी अग्रवालका पिता प्रल्हाद अग्रवालको १२ वर्ष अघि बालदिवसकै दिन हृदयघातका कारण निधन भए पश्चात् उनको नाममा सञ्चालित ट्रष्ट मार्फत हरेक वर्ष बालदिवस लगायत विभिन्न सन्दर्भ पारी कार्यक्रम आयोजना गर्दै सहयोग उपलब्ध गराउँदै आएको ट्रष्टका अध्यक्ष प्रमोद अग्रवालले बताए ।*

न्यूज ओके राष्ट्रिय साप्ताहिक

गौरी शंकर प्रल्हाद अग्रवाल मेमोरीयल ट्रष्टद्वारा

# दुई सय छात्रछात्रालाई झोला र मसलन्द प्रदान

***न्यूज ओके रिपोर्टर***

भैरहवा ।

गौरी शंकर प्रल्हाद अग्रवाल मेमोरीयल ट्रष्ट भैरहवाले यहाँका सामुदायिक विद्यालयका छात्रछात्रालाई एक कार्यक्रमका बीच विद्यालय झोला र मसलन्द प्रदान गरेको छ ।

भैरहवा स्थित रूपन्देही लिलाराम न्यौपाने मा.वि., भानु मा.वि., भैरहवा उच्च मा.वि. लगायतका ५ सामुदायिक विद्यालयमा अध्ययनरत २ सय विद्यार्थी छनौट गरी ट्रष्टले बालदिवसको सन्दर्भ पारी शुक्रबार उक्त सामग्री हस्तान्तरण गरेको ट्रष्टका सदस्य तथा सिद्धार्थ ग्रुपका निर्देशक राजेश अग्रवालले बताए ।



ट्रष्टद्वारा वितरण गरिएको झोलासँगै रुपन्देही लिलाराम न्यौपाने उ.मा.वि.का विद्यार्थीहरु । ***तस्वीरः न्यूज ओके***

उद्योगी अग्रवालका पिता प्रल्हाद अग्रवालको १२ वर्ष अघि बालदिवसकै दिन हृदयघातका कारण निधन भए पश्चात् उनको नाममा सञ्चालित ट्रष्ट मार्फत हरेक वर्ष बालदिवस लगायत विभिन्न सन्दर्भ पारी कार्यक्रम आयोजना गर्दै सहयोग उपलब्ध गराउँदै आएको ट्रष्टका अध्यक्ष प्रमोद अग्रवालले बताए ।

रूपन्देही जिल्ला बालकल्याण संगठनको आयोजनामा भएको कार्यक्रममा झोला मसलन्द हस्तान्तरण गर्दै गर्दै ट्रष्टले रचनात्मक कार्य गरेको रूपन्देहीका प्रमुख जिल्ला अधिकारी बिष्णु प्रसाद ढकालले जनाए ।

सो अवसरमा विशिष्ट अतिथि अञ्चल प्रहरी कार्याल लुम्बिनीका प्रमुख एवं बरीष्ठ प्रहरी उपरीक्षक शेर बहादुर बस्नेत, बरीष्ठ समाजसेवि एवं उद्योगी नारायण प्रसाद अग्रवाल, सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष राम कुमार शर्मा, ब्रम्हाकुमारी ईश्वरीय विश्व विद्यालय क्षेत्रिय कार्यालय भैरहवा प्रमुख ब्रह्माकुमारी शान्ति दिदी, महिला तथा बालबालिका कार्यालय रूपन्देहीका प्रमुख उषा रावल, कार्यक्रम संयोजक तथा जिल्ला बालकल्याण संगठन रूपन्देहीका सदस्य दिलीप भट्टराई, विद्यार्थी सीता अधिकारी, दिपिका गिरी लगायतले बालबालिका र उनीहरूको हक अधिकारका बारेमा चर्चा गरेका थिए ।

# ब्रह्माकुमारीमा श्रद्धाञ्जली सभा

***न्यूज ओके रिपोर्टर***

भैरहवा ।

ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय नेपालको क्षेत्रीय प्रशिक्षण केन्द्र भैरहवाले संस्थाका अन्तर्राष्ट्रिय मुख्यालय माउण्ट आबू राजस्थान, भारतका वरिष्ठ राजयोगिनी ब्रह्माकुमारी मोहिनी दिदीको १३औं दिनको पुण्य तिथिका अवसरमा श्रद्धाञ्जली सभा कार्यक्रम आयोजना गरेको छ ।



गत सेप्टेम्वर ७ तारिखका दिन भारतको अहमदावाद अस्पतालमा देह त्याग गर्नुभएकी मोहिनी दिदीको निधन भएको थियो । उहाँको पार्थिव शरिरलाई संस्थाको अन्तर्राष्ट्रिय मुख्यालयका मुख्य परिसरहरू शान्तिवन, पाण्डव भवन, ज्ञान सरोवर आदिको परिक्रमा गराइ श्रद्धाञ्जलीका लागि शान्तिवनको कन्फ्रेन्स हलमा राखिए पश्चात सेप्टेम्वर ९ तारिखका दिन शान्तिवन परिसरदेखि ७ कि.मी. टाढा रहेको संस्थाकै शान्तामणि पार्कको नदि किनारामा अवस्थित मुक्तिधाममा हजारौंको उपस्थितिमा उहाँको अग्नी संस्कार गरिएको थियो ।

संस्थाको केन्द्रीय प्रवन्धन समितिका सदस्य तथा राजयोग एजुकेसन एण्ड रिसर्च फाउण्डेसनको ग्राम विकास विभागका अध्यक्ष रहनु भएकी मोहिनी दिदीले संस्थाको पश्चिम नेपाल, बनारस एवम् उत्तर प्रदेश भारतको इन्चार्जको पदभार समेत सम्हाल्दै आउनु भएको थियो ।

ईश्वरीय सेवाको क्रममा भारतको हिमाञ्चल, पंजाव लगायतका प्रान्तमा सेवा दिंदै सन् १९७३ देखि संस्थाको अन्तर्राष्ट्रिय मुख्यालय माउण्ट आबूमा रहि उहाँले दादी प्रकाशमणिका साथ थुप्रै विदेशी राष्ट्रको भ्रमण गर्नु भएको थियो ।

संस्थाका पूर्व मुख्य प्रशासिका दादी प्रकाशमणिका साथ लामो समयदेखि सेवारत दिवगत राजयोगिनी मोहिनी दिदी भैरहवाका साथै पटक पटक नेपाल आउनु भएको थियो । सन् १९४० मा जन्म लिई ७६ वर्षको उमेरमा उहाँको निधन भएको थियो ।

रमणिकता र प्रभावशाली व्यक्तित्वकी धनीको रूपमा सम्झना गरिने राजयोगिनी मोहिनी दिदीको १३ आ दिनको पुण्य तिथिको अवसरमा संस्थाको क्षेत्रीय प्रशिक्षण केन्द्र भैरहवाको दिव्यशान्ति रिट्रिट सेन्टरमा सम्पन्न श्रद्धाञ्जली सभामा संस्थाका क्षेत्रीय प्रमुख ब्रह्माकुमारी शान्ति दिदी, केन्द्रीय सचिव ब्रह्माकुमार भूपेन्द्र अधिकारी लगायतले दिवगत राजयोगिनी मोहिनी दिदीको प्रेरणादायी जीवनीको स्मरण गर्दै उहाँको तस्विरमा पुष्पमाला अर्पित गरी श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

मौन धारण गरी शान्ति दानबाट सुरू भएको श्रद्धाञ्जली सभामा ब्रह्माकुमारी समाजका सहभागी सयौं सदस्यहरूले पुष्पमाला अर्पित गरी राजयोगिनी मोहिनी दिदीप्रति श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

# शान्ति दिवसमा अन्तरकृया र र्‍याली

***न्यूज ओके रिपोर्टर***

भैरहवा ।

अन्तर्राष्ट्रिय शान्ति दिवसमा रुपन्देहीमा बिभिन्न कार्यक्रम आयोजना भएका छन् ।ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय नेपालको क्षेत्रीय प्रशिक्षण केन्द्र भैरहवाले अन्तर्राष्ट्रिय शान्ति दिवसको अवसरमा “शान्तिका लागि आध्यात्मिक शिक्षा र राजयोग मेडिटेसन” विषयक एक दिवसीय प्रवचन एवम् “गहन शान्ति अनुभूति” कार्यक्रम सम्पन्न गरेको छ ।




ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय नेपालका संरक्षक वरिष्ठ राजयोगिनी ब्रह्माकुमारी सुरेन्द्र दिदीको प्रमुख आतिथ्यता, संस्थाका सल्लाहकार राजयोगी ब्रह्माकुमार दिपेन्द्र अधिकारीको विशेष उपस्थिति रहेको कार्यक्रम क्षेत्रीय प्रमुख ब्रह्माकुमारी शान्ति दिदीको अध्यक्षता र सचिव ब्रह्माकुमार भूपेन्द्र अधिकारीको संयोजकत्वमा सम्पन्न भएको थियो ।

त्यस्तै गरी अन्तर्राष्ट्रिय शान्ति दिवसको अवसरमा स्थानिय शान्ति समिति रुपन्देहिको आयोजना “ दिगो शान्ति राष्ट्र विकासको आधार ” विषयक बृहत र्‍याली तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

उता भैरहवा नमूना उच्च माविको आयोजनमा पनि अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । अमेरिकन कर्नर भैरहवाको सहकार्यमा भएको कार्यक्रममा कर्नरका संस्थापक दिलिप भट्टराई, भैरहवा उमाविका अध्यक्ष आनन्दप्रसाद गुप्ता, प्राचार्य चुन्नप्रसाद पाण्डे लगायतले शान्तिका विषयमा बोलेका थिए । बेलुका बिभिन्न चोकमा द्विप प्रज्वलन कार्यक्रम आयोजना समेत भएका थिए ।

# एक हप्ता

**संघद्वारा फलफुल बितरण**

(न्यूज ओके रिपोर्टर) भैरहवा । सिद्धार्थ उद्योग वाणिज्य संघ रूपन्देहीले संविधान दिवसको पूर्व सन्ध्यामा असोज २ गते भीम अस्पताल भैरहवाका बिरामीहरूलाई फलफुल बितरण गर्दै सिघ्र स्वास्थ्य लाभको कामना गरेको छ । संघका बरीष्ठ उपाध्यक्ष डा. शान्त कुमार शर्माको नेतृत्वमा कार्यक्रम भएको थियो ।

त्यस्तै गरी संघकै नेतृत्वमा सत्य साई बृद्धाश्रम बसन्तपुरका बृद्धबृद्धाहरू र संस्कृत विद्यालयका विद्यार्थीहरूलाई समेत फलफुल बितरण गरेको सचिव नेत्र आचार्यले बताए ।

**चुरामा स्टोन भर्ने तालिम**

(न्यूज ओके रिपोर्टर) भैरहवा । उद्योग वाणिज्य संघ सिद्धार्थनगर अन्तर्गतको महिला उद्यमी विकास उपसमितिको आयोजनामा चुरामा स्टोन भर्ने तालिम सम्पन्न भएको छ । ३ दिन सम्म सञ्चालन भएको तालिममा ४० महिलाहरू सहभागी थिए । सहभागी महिलाहरूलाई प्रशिक्षक मन्जु पाण्डे भटराईले प्रशिक्षण दिदैं व्यवसाय सानो ठुलो जस्तो सुकै भए पनि यस्ता तालिमहरू लिएपछि समुहमा रहेर अथवा एक्लै व्यवसाय गरी आर्थिक पक्ष बलियो बनाउन सकिने बताइन् ।

संघका तालिम संयोजक पल्लभी न्यौपानेले महिला दिदी बहिनीहरूलाई जीवनप्रयोगी तालिम संघले उपलब्ध गराउँदै आएको र यसले केही मात्रामा भए पनि महिला उद्यमी जन्माउन सफल भएको बताइन् ।

सिद्धार्थ उद्योग बाणिज्य संघका अध्यक्ष राम कुमार शर्माले अहिलेको माग र फेशनलाई मध्यनजर गर्दै घरैमा बसेर कम लागतमा धेरै आय आर्जन गर्न सकिने तालिम दिइएको बताउँदै समुहगत रूपमा मिलेर काम गर्न व्यवसाय गर्न चाहने दिदी बहिनीहरूलाई समुहगत लगानी गर्नुका साथै वित्तीय संस्थाहरूबाट पनि लगानीको वातावरण मिलाउन संघ सदैव तत्पर रहेको बताए ।

सिद्धार्थनगर उद्योग वाणिज्य संघले आफ्ना उद्योगी व्यवसायीहरूको हक हितको संरक्षण गर्नुका साथै यस क्षेत्रका महिला दिदीवहिनीहरूलाई स्वाबलम्वी र आत्मनिर्भर गराउने उद्देश्यले समय - समयमा पापड, भुजिया, चाउचाउ, मैनबत्ती, अचार बनाउने जस्ता समय सापेक्ष तालिमहरू प्रदान गर्दै आएको सचिव नेत्र आचार्यले बताए ।

**प्रबर्द्धन सहकारीको अध्यक्षमा नन्दलाल**

(न्यूज ओके रिपोर्टर) भैरहवा । प्रबर्द्धन बचत तथा ऋण सहकारी संस्था लि. सिद्धार्थनगर रूपन्देहीको छैठौं साधारण सभा तथा तेस्रो अधिवेशनले नन्दलाल शर्मा तिमिल्सिनाको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ ।

सर्वसम्मत चयन भएको कार्य समितिको उपाध्यक्षमा नारायण न्यौपाने, सचिवमा गोविन्दप्रसाद बस्याल, कोषाध्यक्षमा नारायण बहादुर कार्की रहेका छन् । त्यसैगरी सदस्यहरूमा हरिराज बिष्ट, हरिबहादुर जि.सी., राजेश जि.सी., कृष्ण प्रसाद पन्थी, मनोज कुमार शर्मा, टिका कुमारी आचार्य, जानुका भट्टराई, गोविन्द रेग्मी, आनन्द देव पन्त चयन भएका छन् । त्यस्तै लेखा समिति संयोजकमा मदन कुमार पौडेल र सदस्यहरूमा प्रकाश लम्साल र सुनिल न्यौपाने सर्वसम्मत निर्वाचित भएको निर्वाचन अधिकृत सतिस कुमार चौधरीले जानकारी दिए ।

संस्थाका अध्यक्ष दिपक क्षेत्री न्यौपानेको सभापतित्व, सहकारीका जेष्ठ सदस्य धनबहादु भण्डारीको प्रमुख आतिथ्यता, सदस्य गोविन्द रेग्मीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

**नेपाली कांग्रेसको परिचयात्मक तथा छलफल कार्यकम**

(न्यूज ओके रिपोर्टर) बुटवल । बुटवल उपमहानगरपालीका नेपाल काग्रेस वडा नं १९ को आयोजनामा परिचयात्मक तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

क्षेत्रीय पदाधिकारी तथा नेपाली कांग्रेसका कार्यकता बीच मोतीपुरमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस क्षेत्र न. ४ का सभापती हरि लम्सालले आफु सधैं भरी जनताको पक्षमा काम गर्नका लागि राजनीतिमा लागेको र जनताले दिएको जिम्मेवारीलाई कुनै पनि कसर बाँकी नराखी पुरा गर्ने प्रतिबद्धता व्यक्त गरे ।

वडा नं १९ का सभापती ओम ब. घिमीरेको सभापतीत्वमा भएको कार्यकममा कार्यक्रममा वडा नं १९का कांग्रेसकार्यकताले नेपाली कांग्रेसको संगठनलाई मजबुद बनाउन नेतृत्वलाई विभिन्न सुझाव दिएका थिए ।

छलफलमा नेपाली कांग्रेसका महाधिवेशन प्रतिनीधि राम बहादुर कार्की, जिल्ला सदस्य गाबिन्द लम्साल क्षेत्र नं ४ सचिव जोग ब. खत्रि, कोषाध्यक्ष राज ब. क्षेत्री, नेपाल तरूण दलका जिल्ला उपाध्यक्ष पोषराज चापागाई , नेपाल विद्यार्थी संघका पूर्व अध्यक्ष विष्णु पोखरेल, विद्यार्थी नेता केशव पाण्डे , अमृत पाण्डे लगायतले आ आफ्नो धारण राखेका थिए ।

**संविधान दिवसमा विभिन्न कार्यक्रम**

(न्यूज ओके रिपोर्टर) भैरहवा । संविधान दिवसको अवसरमा भैरहवामा विविध कार्यक्रम आयोजना गरिएको छ । संविधान दिवस मनाउनका लागि जिल्लामा गठित जिल्ला स्तरीय मुल समारोह समितिको आयोजनामा सम्पन्न कार्यकममा संविधान दिवसका दिन बिहान प्रभात फेरीको आयोजना गरिएको थियो ।

भैरहवाको बर्मेलीटोलबाट सुरू भएको प्रभातफेरीमा विभिन्न राजनैतिक दलका नेता एवं प्रतिनिधिहरू, उद्योगी व्यावसायी, शिक्षक, विद्यार्थी, कर्मचारी लगायतको सहभागिता रहेको थियो ।

प्रभात फेरी पछि आयोजित औपचारिक कार्यक्रम प्रमुख जिल्ला अधिकारी बिष्णु प्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । मुल समारोह समितिका संयोजक स्थानीय विकास अधिकारी युवराज सुबेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विभिन्न राजनैतिक दलका प्रतिनिधीहरू नेपाली कांग्रेसका दिपक क्षेत्री न्यौपाने, नेकपा एमालेका हितराज पन्थी, त्यसैगरी बद्रे आलम, शंकर क्षेत्री लगायतका राजनैतिक दलका प्रतिनिधीहरूले संविधान दिवसको महत्वको बारेमा आ आफ्नौ भनाइ राखेका थिए । कार्यक्रम सहायक प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइटेलको स्वागत तथा जिल्ला विकास समिति रूपन्देहीका अधिकृत उपेन्द्र ज्ञवालीको सञ्चालनमा सम्पन्न भएको थियो ।

उता संयुक्त मधेशी मोर्चा, संघीय गठबन्धन लगायतका दलहरुले संविधान दिवसलाई कालो दिनका रुपमा मनाएका थिए । भैरहवाको मैत्रीपथमा विरोध सभा गरिएको हो । विरोध सभामा तमलोपाका केन्द्रीय सदस्य तथा सांसद कमलेश्वर पुरी गोस्वामी, पूर्वमन्त्री तथा सद्भावना पार्टीका केन्द्रीय उपाध्यक्ष ओमप्रकाश यादव गुल्जारी लगायतले संविधानमा मधेशी लगायत जनजातिहरुको हकअधिकारी कुण्ठित गरिएको भन्दै संविधान संशोधनको माग गरे ।

**स्नेह मिलन कार्यक्रम**

(न्यूज ओके रिपोर्टर) भैरहवा । अन्तर्राष्ट्रिय आध्यात्मिक एवम् सामाजिक संस्था ब्रह्माकुमारी ईश्वरीय विश्व विद्यालय र राजयोग एजुकेशन एण्ड रिसर्च फाउण्डेशनको शिक्षा विभागद्वारा संस्थाको अन्तर्राष्ट्रिय मुख्यालय माउण्ट आबू, राजस्थान, भारतमा आयोजित शिक्षा सम्बन्धि महासम्मेलनमा सहभागी भैरहवा समुहको अनुभव आदान-प्रदान तथा स्नेहमिलन कार्यक्रम सम्पन्न भएको छ ।

संस्थाको क्षेत्रीय प्रशिक्षण केन्द्र भैरहवाको दिव्यशान्ति रिट्रिट सेन्टरमा क्षेत्रीय प्रमुख ब्रह्माकुमारी शान्ति दिदीको अध्यक्षता तथा केन्द्रीय सचिव ब्रह्माकुमार भूपेन्द्र अधिकारीको संयोजकत्वमा कार्यक्रम सम्पन्न भएको हो । सहभागीहरुले जीवनमा एक पटक पुग्नै पर्ने स्थान रहेको बताएका थिए । यही भाद्रको अन्तिम साता ब्रह्माकुमारीको अन्तर्राष्ट्रिय मुख्यालयको शान्तिवन परिसरमा सम्पन्न शिक्षा सम्बन्धि महासम्मेलनमा ब्रह्माकुमार भूपेन्द्र अधिकारीको नेतृत्वमा भैरहवाबाट ४० जनाको टोली त्यहाँ प्रस्थान गरेको थियो ।

महासम्मेलनमा नेपालका करिब एक हजार र भारतका विभिन्न प्रान्तका ७ हजार बढी शिक्षा तथा अध्यात्मप्रेमीहरू को सहभागिता रहेको थियो । संस्थाको शान्तिवन परिसरमा सम्पन्न पाँच दिवसीय महासम्मेलनमा संस्थाका संयुक्त मुख्य प्रशासिका दादी रतन मोहिनी जी, भारतका मिजोरम प्रान्तका राज्यपाल निर्भय शर्मा, विभिन्न विश्व विद्यालयका कुलपतीहरू, संस्थाका सचिव तथा शिक्षा विभागका उपाध्यक्ष राजयोगी मृत्युञ्जय, डाक्टर ब्रह्माकुमारी निर्मला दिदी, डाक्टर सतिश गुप्ता, डाक्टर हरिश शुक्ल लगायतका शिक्षाविद्हरूले सम्बोधन गरेका थिए ।

**लुम्बिनी प्रेस क्लबको साधरणसभा असोज १२ मा**

(न्यूज ओके रिपोर्टर) भैरहवा । लुम्बिनी प्रेस क्लबको प्रथम साधरण सभा असोज १२ गते भैरहवामा हुने भएको छ ।

क्लबका अध्यक्ष माधव ढुंगानाको अध्यक्षतामा बसेको बैठकले साधरणसभामा सहभागी हुने क्रियाशील पत्रकारहरूले असोज १२ गते बिहान सम्म क्लबको सदस्यता लिइसक्नुपर्ने र सदस्यता लिएका सदस्यहरू मात्र साधरणसभामा सहभागी हुने गरी तयारी थालेको छ । बैठकले सदस्यता वितरणको लागि क्लबका कार्यसमिति सदस्य दिपेश पछाई संयोजक र कमल रायमाझी सहसंयोजक रहेको समिति बनाएको छ । पछाई र रायमाझीलाई व्यानर तथा परिचय पत्र व्यवस्थापनको समेत जिम्मेवारी दिएको छ ।

यसैगरी बैठकले साधरणसभा मुल व्यवस्थापनको लागि अध्यक्ष माधव ढुंगाना संयोजक र उपाध्यक्ष मनोरन्जन शर्मा सहसंयोजक रहेको समिति चयन गरेको छ । त्यसैगरी प्रतिवेदन लेखनको लागि संयोजकमा महासचिव नरेश के.सी. , आर्थिक प्रतिवेदनको लागि संयोजकमा कोषाध्यक्ष सम्झना शर्मा र सुचना तथा सञ्चारको लागि संयोजकमा शारदा मल्ल एवं निर्वाचन मण्डलमा अधिवक्ता तथा पत्रकार कुलमणी ज्ञवालीलाई संयोजक तोकिएको बैठकपछि महासचिव नरेश के.सी.ले जानकारी दिए ।

यसैगरी बैठकले लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ती , भास्करानन्द माया शर्मा अक्षयकोषद्धारा प्रदान गरिने पत्रकारिता सम्मानको लागि व्यक्ति छनौट सहित अन्य विविध महत्वपुर्ण निर्णयहरू गरेको छ ।

**कसैको दवावमा संविधान संशोधन नगर**

(न्यूज ओके रिपोर्टर) भैरहवा । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एबं सांसद नारायण मान बिजुक्छेले संबिधान संसोधन समय परिस्थीति अनुसार हामी आफैले गर्ने तर कसैको दवाबमा आएर गर्न नहुने बताएका छन् । लुम्बिनी प्रेस क्लबद्वारा भैरहवामा आयोजित साक्षात्कार कार्यक्रममा अध्यक्ष बिजुक्छेले सो धारणा राखेका हुन् ।

हाम्रो देशको संबिधान हामी आफैले बनायौ, यसको आबश्यकता अनुसार, समय परिस्थीती अनुसार संसोधन गर्नु पर्छ । तर संबिधान कसैको दवाबमा आएर संसोधन गर्ने होईन, अध्यक्ष बिजुक्छेले भने । साक्षात्कारमा सञ्चारकर्मिको जिज्ञाशालाई हटाउँदै आफुहरु सानो पार्टीको भए पनि बारम्बार स्थानीय निकायको निर्बाचन गराउनु पर्छ स्थानीय निकाय नहुदा देशलाई नै अप्ठेरो परेको अबस्था आएको बताए । उनले समयमा स्थानिय निर्बाचन नगर्दा जनताको हक अधिकार हनन भएको र प्रजातन्त्रको जग बलियो बनाउन स्थानिय निकायको निर्बाचन जरुरी र हेको उहाको भनाई थियो ।

**जिल्ला जनस्वास्थ्य कार्यालय रूपन्देहीको अनुरोध**

**सुर्तिजन्य पदार्थहरु जस्तैः खैनी, सुर्ती, चुरोट, बिंडी, हुक्का, कक्कड आदिको सेवनले नसर्ने रोगहरु जस्तै मुखको क्यान्सर, फोक्सोको क्यान्सर, मधुमेह, मुटुको रोग लाग्नसक्छ । त्यसैले यस्ता पदार्थहरुको प्रयोग नगरौं । स्वस्थ जीवन यापन गरौं ।**

अनुरोधकः-

जिल्ला जनस्वास्थ्य कार्यालय

रुपन्देही



**प्रतिष्ठित सिद्धार्थ ग्रुप**

*सिद्धार्थ ग्रुपको स्थापना ३० वर्ष अघि भएको हो । यो ग्रुपले सबैभन्दा पहिला खाद्य वस्तु मैदा उत्पादन थालेको थियो । सिद्धार्थ फलोर मिल ग्रुपको पहिलो औद्योगिक प्रतिष्ठान हो । त्यसपछि सिद्धार्थ रिफाइनरी उद्योगसँगै सिमेन्ट उत्पादनमा यो समुहले लगानी गरेको हो ।*

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# भीम अस्पतालमा एम्बुलेन्स सेवा संचालन




*न्यूज ओके रिपोर्टर*
भैरहवा ।

अस्पताल स्थापना भएको करीब ८२ बर्ष पछी रूपन्देही सदरमुकाम भैरहवामा अवस्थित भीम अस्पतालले एम्बुलेन्स सेवा संचालनमा ल्याएको छ ।

अस्पतालले बुधबार एक कार्यक्रमकाबीच एम्बुलेन्स सेवाको शुभारम्भ गरेको हो । भारतीय राजदुतावासको सहयोगमा प्राप्त उक्त एम्बुलेन्स संचालनमा आएको अस्पताल विकास समितिका अध्यक्ष हितराज पन्थीले जानकारी दिए ।

"हाम्रो अथक प्रयास र लामो पर्खाईपछि एम्बुलेन्स संचालनमा ल्याएका हौं, अध्यक्ष पन्थीले भने- अब यहाँ आउने विरामी र यहाँबाट घर तथा अन्य अस्पतालहरूमा जाने विरामीहरूलाई एम्बुलेन्सको अभाव हुने छैन ।" एम्बुलेन्स ल्याउन नेपाल भारत मैत्री समाज लगायत बिभिन्न संघसस्था एबं ब्यक्तीले पहल गरेको पन्थीले जनाए ।

एम्बुलेन्स नहुँदा अस्पतालमा आउने तथा जाने विरामीहरूलाई समस्या पर्ने गरेको स्मरण गर्दै अस्पतालका मेसु डा.अनन्त कुमार शर्माले भने- "बिरामीहरू अन्यत्र जाँदा एम्बुलेन्स नभएर दुःख पाएको देख्दा धेरै नै चिन्ता हुन्थ्यो, तर अहिले अस्पतालको आफ्नै एम्बुलेन्स भएको अबस्था छ । सेवा सुरू भए पछी अब सबै जनालाई थप सहयोग पुग्नेछ,उन्ले भने ।

एम्बुलेन्स सेवा उपयोग गरे बापत सेवाग्राहीले प्रतिकिलोमिटर पक्की सडकमा ४० रूपैयाँ र कच्ची सडकमा ६० रूपैयाका दरले बुझाउनु पर्छ । एम्बुलेन्स सेवाको भाडा दर प्रचलित भाडा दर भन्दा न्युन रहेको अस्पतालको दाबी छ ।

जिल्लाको मर्चवार, रायपुर, लुम्बिनी, मझगाँवा, बेथरी, धकधई, पड्सरी, मैनहिया, सिद्धार्थनगर लगायत स्थानका विरामीहरू अस्पतालमा उपचारका लागि आउने गर्दछन् ।

वि.सं. २०३५ मा १५ बेडमा संचालित यो अस्पतालले वि.सं. २०४१ सालमा बेडको स्तर थपी २५ बेड पुऱ्याएको थियो । हाल आएर २५ बेडको मात्रै स्वीकृति प्राप्त भएपनि अस्पतालले अहिले ५८ बेड संचालन गरी आफ्नो सेवा प्रदान गर्दै आएको छ । १९९० सालमा भीम शमशेरको पालमा स्थापना भएको यो अस्पताल जिल्लाकै पुरानो अस्पताल हो । अस्पताललाई १ सय सैयाको बनाउने प्रयास भएको र तत्काल बालरोग विशेषज्ञको अभावले गर्दा एनआईसियु वार्ड सञ्चालनमा ल्याउन नसकिएको र भेन्टीलेटर मेशिन पनि प्रयोग बिहीन भएको अध्यक्ष पन्थीले जानकारी दिए ।

## सिद्धार्थ सिमेन्टको लुम्बिनी क्षेत्रिय बितरक भेला

# पुन:निर्माणमा सरकारसँग सहकार्य गर्न तयार

*न्यूज ओके रिपोर्टर*
भैरहवा ।




सिद्धार्थ ग्रुपले उत्पादन गर्दै आइरहेको सिद्धार्थ सिमेन्टले आफ्ना उत्पादन तथा भावि योजना बारे आफ्ना बितरक मार्फत ग्राहक सम्म पुऱ्याउन क्षेत्रिय डिलर्श मिट आयोजना गरेको छ ।

भैरहवा-लुम्बिनी सडक खण्डको गुरूबनियामा रहेको सिद्धार्थ सिमेन्टले लुम्बिनी अञ्चलका रूपन्देही, नवलपरासी, कपिलबस्तु, पाल्पाका बितरक (डिलर्श) हरूको भेला आयोजना गरी उत्पादन तथा योजनाका बारेमा जानकारी दिइएको उद्योगका निर्देशक रोहित अग्रवालले बताए ।

कार्यक्रममा बितरकहरूलाई सिद्धार्थ सिमेन्टले आफ्नो उत्पादनका क्रममा गुणस्तरीय उत्पादन गर्नेमा निश्चित र ढुक्क हुन आग्रह गर्दै राष्ट्रको विकास निर्माण एवं ठुला साना परियोजनामा प्रयोग हुने महत्वपुर्ण वस्तुका रूपमा सिमेन्ट रहेकाले उच्च गुणस्तरको सिमेन्ट उत्पादनका लागि जहिले पनि आफुहरूको ध्यान केन्द्रित हुने गरेको उद्योगका प्रबन्ध निर्देशक राजेश अग्रवालले जनाए ।

उद्योगको उत्पादनका बारेमा डिजिटल प्रस्तुती गर्दै निर्देशक मोहित अग्रवालले बितरक मार्फत ग्राहकलाई सिद्धार्थ सिमेन्टको बारेमा जानकारी दिन आग्रह गरे । रूपन्देहीमा भएको कार्यक्रममा यस क्षेत्रका करीब २ सय बितरकहरूको उपस्थिति थियो ।

उद्योगले वातावरण तर्फ सचेत हुँदै डस्ट कलेक्टर लगायतका प्रविधी जडान गरी गुणस्तरीय उत्पादन गर्दै आएको कार्यक्रममा जानकारी दिइयो । भुकम्पपछिको पुनर्निर्माण समेत सुरू हुन लागेको अवस्थामा सिद्धार्थ सिमेन्टले राज्यले चाहेमा आफुहरू सहकार्य गरी अघि बढ्न तयार रहेको प्रबन्ध निर्देशक राजेश अग्रवालले बताए ।

सिद्धार्थ सिमेन्टले देशभरीमा ४ सय बितरक मार्फत सिमेन्ट बिक्री बितरण गर्दै आइरहेको छ । यस अघि पोखरा र काठमाण्डौमा यस्तै प्रकृतिको कार्यक्रम गरी सकेको उद्योगले सिद्धार्थ बुलन्द ओपिसी र सिद्धार्थ ब्रान्डमा पिपिसी सिमेन्टको उत्पादन गर्दै आइरहेको उद्योगका महाप्रबन्धक अरूण अग्रवालले जनाए । सिद्धार्थ सिमेन्ट क्लोज सर्किट प्रविधीमा आधारित उद्योग हो । यो प्रविधी सिमेन्ट उद्योगका लागि नयाँ हो ।

सिद्धार्थ ग्रुपको स्थापना ३० वर्ष अघि भएको हो । यो ग्रुपले सबैभन्दा पहिला खाद्य वस्तु मैदा उत्पादन थालेको थियो । सिद्धार्थ फलोर मिल ग्रुपको पहिलो औद्योगिक प्रतिष्ठान हो । त्यसपछि सिद्धार्थ रिफाइनरी उद्योगसँगै सिमेन्ट उत्पादनमा यो समुहले लगानी गरेको हो ।

# ८ करोडको लगानीमा चैतन्य रेडिमिक्स




*न्यूज ओके रिपोर्टर*
भैरहवा ।

रूपन्देहीको बसन्तपुरमा करिब ८ करोडको लगानीमा रेडिमिक्स संचालनमा आएको छ ।

चैतन्य रेडिमिक्स कंक्रिट प्रा.लि.ले उक्त लगानीमा आफ्नो सेवा बजारमा ल्याएको हो । अत्याधुनिक प्रविधि जडित उक्त रेडिमिक्समा सम्पूर्ण कार्य कम्प्युटराइज माध्यमबाट ल्याब टेष्ट गरी बजारमा पठाइने प्रा.लि.का एम.डि. भरतकुमार पोखरेलले जानकारी दिए ।

करिब ५० किलोमिटरको दुरीसम्म सेवा प्रदान गर्न सक्ने गरी रेडिमिक्स संचालनमा ल्याइएको हो । भित्री गल्ली, गाडीहरू जाननसक्ने ठाउँमा समेत सजिलै घर ढलान गर्न सक्ने गरी प्रविधि जडान गरिएको, दक्ष र अनुभवी इन्जिनियर राखिएको तथा गुणस्तरमा कुनै कमी आउन नदिने पोखरेलले बताए । पोखरेलका अनुसार अत्याधुनिक प्रविधिमा संचालित प्रा.लि.ले ठुला-ठुला आयोजनाहरूमा पनि सेवा दिनसक्नेछ भने ग्राहकहरूको इच्छा अनुसारको सिमेन्ट र गिट्टी-बालुवा पनि प्रयोग गरिने छ ।

हामीले घर ढलान गर्दा प्रा.लि.बाटै निःशुल्क इन्जिनियर खटाउँछौं, छडको गुणस्तर तथा सटरिङ्गको अवस्था चेकजाँच गर्छौं अनि मात्र ढलान गर्नेछौं, एम.डि. पोखरेलले भने । प्रत्यक्ष रूपमा ३० जनालाई रोजगारी दिएको उक्त प्रा.लि.ले लेबर मिस्त्री समेत आफै उपलब्ध गराउने जनाएको छ । जसले गर्दा पनि उपभोक्ताहरूलाई लेबर तथा मिस्त्रीको झन्जट कम हुनेछ ।

ट्राफिक नियमको पालना गरौं, सडक पेटीमा सामान विक्रीका लागि नराखौं । जेब्राक्रसबाट बाटो काटौं, सभ्य नागरिकको परिचय दिऔं ।

**आकर्षक घडेरी बिक्रीमा**

**भैरहवाको मुटु सिद्धार्थनगर नगरपालिका वडा नं.–९ स्थित प्रभातपथमा, राजमार्गदेखि १०० मिटर भित्र ३५ धुर आकर्षक जग्गा (घरसहित) बिक्रीमा रहेकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।**

*नोटः कृपया दलालले कष्ट नगर्नुहोला ।*

**सिधा सम्पर्कः ९८५७०२३७३६**




**हार्दिक बधाई तथा शुभकामना**

**भैरहवाबाट आफ्नो प्रकाशन शुभारम्भ गरेको न्यूज ओके राष्ट्रिय साप्ताहिक पत्रिकालाई सफलताको शुभकामना**

न्यूज ओके

**रामगोपाल गोयनका**
**(अध्यक्ष)**
**गोयनका सिमेण्ट उद्योग प्रा.लि.**
भैरहवा, रुपन्देही, नेपाल



# विचार/दृष्टिकोण

www.newsok.com.np

न्यूज ओके राष्ट्रिय साप्ताहिक

## सम्पादकीय

### सेजमा छिटो विद्युत् व्यवस्था गर

देशको पहिलो 'भैरहवा सेज' (विशेष आर्थिक क्षेत्र सेज) भित्र उद्योग स्थापनाका लागि विभिन्न तयारी एवं समझदारी सम्पन्न भै अन्तिम सम्झौताको प्रकृयामा अघि बढीरहेका बेला विद्युत् प्रमुख चुनौतीका रूपमा देखा पर्न थालेको छ । नेपाल बिद्युत प्राधिकरण भैरहवाले तत्काल सेजका लागि उद्योग सञ्चालन गर्न मिल्ने गरी विद्युत् उपलब्ध गराउन नसक्ने बताइसकेको छ । विद्युत् कार्यालयका अनुसार पनि मैनहिया गाविसमा सब स्टेशन निर्माणका लागि जग्गा अधिग्रहण भएको र अन्य पूर्वाधार निर्माण लगायतका काम सम्पन्न हुन कम्तिमा २ वर्ष लाग्ने र त्यसपछि मात्रै त्यहाँबाट विद्युतीकरण गरी सेज सम्म विद्युत् उपलब्ध गराउन सकिने भनेको छ । यसबाट पनि मैनहियाको सबस्टेशन समयमै सम्पन्न भए पनि त्यहाँबाट सेज क्षेत्र सम्म विद्युत् पुर्‍याउन कम्तिमा २ वर्ष लाग्ने देखिन्छ ।

अर्को नजिकैको धकधई सबस्टेशन निर्माणका क्रममा रहेको तर त्यहाँ पनि कहाँबाट विद्युत ल्याएर जोड्ने हो केही टुंगो नलागेकोले त्यहाँबाट विद्युत् ल्याउन पनि कम्तिमा दुई वर्ष कुर्नुपर्ने देखिन्छ । उद्योग मन्त्रालय, विशेष आर्थिक क्षेत्र व्यवस्थापन समिति लगायतका सरोकार वाला निकायले समयमै विद्युत् समस्या प्रति सचेत भएको भए आज यो समस्या आउने थिएन् । दुई वर्ष अघि हतारमा सेज क्षेत्र भित्र प्रशासनिक तथा सेवा भवनको उद्घाटनसँगै विद्युत् व्यवस्थापनमा लागेको भए अहिले यो नयाँ समस्या देखिदैन थियो । उद्योग स्थापना देखिनै विभिन्न पूर्वाधार निर्माणका लागि पर्याप्त विद्युत् आवश्यक पर्ने गर्दछ । उद्योगीहरूका अनुसार त्यहाँ कम्तिमा ४० मेगाबाट विद्युत् आवश्यक पर्दछ । अहिले सेज भित्र ११ के.जी. क्षमताको विद्युत् लाईन उपलब्ध छ । तर उक्त विद्युत्ले सेज क्षेत्र उज्यालो बनाउने बाहेक अरू केही हुन सक्दैन् । बहुप्रतिक्षित पाइलट परियोजनाका रूपमा सरकारले २०५८ सालबाट अघि बढाएको विशेष आर्थिक क्षेत्र को डेढ दर्शक पुग्न लाग्दा यही भदौमा बल्ल सेज ऐन सांसदबाट पास भएको थियो । विद्युत् नहुँदा सेजमा उद्योग स्थापना गर्ने समझदारी गरिसकेका उद्योगी व्यवसायीहरू अलमलका परेका छन् ।

सेज भित्र उद्योग स्थापनाका लागि आवेदन दिने २३ मध्ये १२ उद्योगले आर्थिक क्षेत्र विकास समितिसँग उद्योग सञ्चालनका लागि समझदारी गरी अन्तिम सम्झौता गर्ने तयारी गरिरहेका छन् । तर सेज भित्र सञ्चालन हुने उद्योगका लागि वितरण गर्न विद्युत् कहाँबाट ल्याउने हो र कति समय भित्र आउने हो, कसैले बताउन सकेका छैनन् । जसले गर्दा सेज भित्र अन्यौलता बढ्दै गएको छ । तत्कालका लागि अन्तिम बिकल्प भनेको सेज देखि करीब २७ कि.मी. टाढा रहेको बुटवलबाट नयाँ प्रशारण लाईन तानेर ल्याउने तर त्यो त्यति सजिलो छैन । उद्योगीहरू भने बिकल्पको रूपमा सरकारले सेज भित्र फर्निश आयल (एफओ) प्लान्ट बनाउन माग गरेका छन् । एफओ प्लान्टबाट उत्पादित विद्युत् सेज भित्र प्रचलित बजार भाउमा उद्योगहरूलाई उपलब्ध गराउनुपर्दछ । उद्योगी व्यवसायीका अनुसार बिकल्प भनेको यही नै हो । नत्र सेज सञ्चालनमा मुख्य कारक अब विद्युत् बन्ने निश्चित छ । सरकारले विद्युत्का विषयमा अब बेलैमा उपयुक्त निर्णय नगरेमा महत्वपुर्ण सरकारी परियोजना तुहिन सक्छ ।

### पाठक वर्गमा अनुरोध

यस न्यूज ओके राष्ट्रिय साप्ताहिकमा आफ्ना लेख, रचना पठाई सहयोग गर्नु हुनु अनुरोध छ । साथै तपाईंको लेख, रचना प्राथमिकताका साथ प्रकाशित गरिनेछ ।

सम्पर्कः न्यूज ओके साप्ताहिक
देवकोटा चोक, भैरहवा, इमेलः newsok52@gmail.com

# भैरहवाको भीम अस्पतालः सम्भावना र चुनौती

**जिल्लाको दक्षिण क्षेत्रमा बसोबास गर्ने अति बिपन्न वर्गका जनता यस अस्पतालबाट सेवा प्राप्त गर्ने बिरामीहरूका रूपमा अग्रभागमा रहेका छन् । त्यसैले पनि भीम अस्पताललाई गरीव, दिनदुखीहरूको अस्पताल भनेर भन्ने गर्छन् । तर अस्पताल भनेको धनी गरीब भन्नेको नभई सबै आमजनताको हो ।**

रूपन्देही जिल्ला सदरमुकाम भैरहवामा रहेको भिम अस्पताल पश्चिमाञ्चल क्षेत्रकै सबैभन्दा पूरानो अस्पताल हो । वि.सं.१९९० सालमा राणा प्रधानमन्त्री भीम शमसेरको पालामा भएकोले यो अस्पतालको नाम नै भीम अस्पताल रहन गएको हो, भन्ने भनाई सबैको रहेको छ । तत्कालिन राणा प्रधानमन्त्री भीम शमसेरले तराई क्षेत्रको महत्व बुझेर यो अस्पतालको स्थापना गरेको हुन सक्ने अनुमान देखिन्छ ।

अस्पताल विकास समितिको गठन आदेशमा यो अस्पताललाई हाल भैरहवा अस्पताल भनेर उल्लेख गरिएको पनि छ । तर गाउँ दुरदराजमा भीम अस्पतालको नामले परीचित छ ।

ऐतिहासिक महत्व बोकेको यस अस्पतालक नगरको केन्द्रभागमा आफ्नै स्वामित्वको २ बिगाहा १० कट्ठा जमिनमा अबस्थित छ रहेको छ ।

यो अस्पताल सुरूमा जे जसरी स्थापना भएपनि वि.सं.२०३५ सालमा १५ सैयामा सञ्चालित भएको यो अस्पताल वि.सं.२०४१ सालमा २५ सैयामा स्तर वृद्धि भई हालसम्म २५ सैयाको स्वीकृती भएपनि हाल सैयाको हिसाबले ५८ सैया सञ्चालन गरी आम जनतालाई सेवा सुविधा दिँदै आएको छ ।

यस जिल्लाको दक्षिण क्षेत्रमा बसोबास गर्ने अति बिपन्न वर्गका जनता यस अस्पतालबाट सेवा प्राप्त गर्ने बिरामीहरूका रूपमा अग्रभागमा रहेका छन् । त्यसैले पनि भीम अस्पताललाई गरीव, दिनदुखीहरूको अस्पताल भनेर भन्ने गर्छन् । तर अस्पताल भनेको धनी गरीब भन्नेको नभई सबै आमजनताको हो ।

हाल अस्पतालले सेवा प्रदान गर्ने दक्ष जनशक्तिमा मे.सू. १, महिला रोग विशेषज्ञ १, बालरोग विशेषज्ञ १,मेडिकल अधिकृत ३, वार्ड सिष्टर १, हेल्थ असिष्टेण्ट १, स्टाफनर्स १०, ल्याब टेक्निशियन १, रेडियोग्राफर १, मेडिकल रेकर्डर १, ना.सू.१, खरिदार १, अ.हे.व. ५, अ.न.मी.४,डार्करूम सहायक १,सवारी चालक १, कार्यालय सहयोगी ११ गरी जम्मा ४५ जनाको दरबन्दी रहेको छ ।

त्यस्तै विकास समिति अन्तर्गत ३ जना अ.हे.व.,२ जना ल्या.टे.,१ जना मूखिया, १ जना इलेक्ट्रिसियन र ५ जना कार्यालय सहयोगी कार्यरत रहेका छन् ।

यस अस्पतालको आन्तरिक तथा बाह्य श्रोत साधनको समूचित व्यवस्थापन गरी स्वस्फुर्त सहज रूपमा सञ्चालन गर्ने हेतूले गठन भएको अस्पताल विकास समितिमा स्वास्थ्य मन्त्रालयबाट मनोनित अध्यक्ष १, स्थानीय जिल्ला प्रशासन र जिल्ला विकास समितिका अधिकृत स्तरका प्रतिनिधी, नगरपालिका




प्रमूख, स्थानीय उद्योग वाणिज्य संघका अध्यक्ष, स्थानीय नेपाल रेडक्रस सोसाइटीका सभापती पदेन सदस्य रहने ब्यबस्था छ भने अस्पताल विकास समितिमा १ जना महिला मनोनित सदस्य का रूपमा छन् ।

हाल यस अस्पतालमा आकस्मिक सेवा, ओ.पि.डी.सेवा, प्रसुती सेवा, प्रसुती शल्यक्रिया सेवा, इण्डोर सेवा, मातृशिशू सेवा, प्रयोगशाला सेवा, एक्सरे सेवा, शल्यक्रियाद्धारा पाठेघर खसेको उपचार सेवा सञ्चालनमा रहेका छन । निकट भविष्यमा हाइड्रोशिल शल्यक्रिया शिवीर सञ्चालन गर्ने लक्ष्य रहेको छ ।

यस अस्पतालबाट सरदर दैनिक आकस्मिक सेवामा ४७, ओ.पि.डी. सेवामा १६०, प्रसुती सेवामा ५, प्रसुती शल्यकक्रिया सेवामा २, एक्सरे सेवामा दैनिक २५, प्रयोगशाला सेवामा ६० जना बिरामीहरूले सेवा प्राप्त गरी रहेका छन ।

उपचारको लागि यस अस्पतालमा बढी मात्रामा सर्पको टोकाइ, बौलाहा कूकूरको टोकाइ, झाडा पखाला, ज्वरो आएका, चोटपटक लागेका, प्रसूती, गर्भ परीक्षण, खोप सेवाका बिरामी आउने गरेका छन । यस अस्पताल सञ्चालन गर्न आवश्यक श्रोत साधन मध्ये अस्पतालको आन्तरिक श्रोतहरूमा आन्तरिक सेवा शूल्क र सटरभाडा रहेको छ, भने आमा सूरक्षा कार्यक्रम अनुदान तथा लक्षित समूहलाई निःशुल्क उपचार अनूदान प्रमूख रूपमा रहेको छ ।

विगतमा अत्यन्त न्युन भाडामा लगाइएका यस अस्पतालको स्वामित्वका ३४ वटा सटरहरू आ.व.०७१।७२ को अन्त्य देखि बोलपत्रको माध्यमबाट खूला प्रतिस्प्रर्धा गराइ भाडामा लगाउँदा साबिकको भाडामा ४ गूणाले बृद्धि भएको छ ।

अस्पतालमा आ.व.०७१।७२ देखि जिल्ला अस्पताल गूणस्तर तथा सेवा सूदृढीकरण कार्यक्रम लागू भएको र सो कार्यक्रमले लक्षित गरेको मापदण्ड पूरा गर्ने कार्य भई रहेको छ । दक्ष चिकित्सकको अभावले विगतमा सञ्चालन गर्न नसकिएको सिइओएनसी सेवा गत चैत्र महिना देखि सञ्चालन गरी हाल सम्म १०३ जनाले सो सेवा प्राप्त गरेका छन् ।

महिलाहरूको पाठेघर खसेको अप्रेशन शिविर सञ्चालन गरिएको सो शिविरबाट ६४ जना लाभान्वित भएका र सो पश्चात पनि सेवा लिन आउने बिरामीलाई सेवा प्रदान गरिरहेको छ ।

प्रयोगशाला सेवालाई दक्ष जनशक्तिको व्यवस्था गरी प्रयोगशाला सेवालाई थप सूदृढ बनाइएको छ ।

बिरामीलाई गूणस्तरीय सेवा प्रदान गर्न (CSSD) सेवा सञ्चालनमा ल्याइएको छ ।

नेपाल सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गत यस अस्पतालमा शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय रूपन्देहीबाट शवपरीक्षण गृह निर्माणाधीन अवस्थामा रहेको छ ।

चालू आ.ब.मा यस अस्पतालमा फार्मेसी सञ्चालनको पुर्वाधार तयार गरी श्रोत साधन जूटाइ आगामी वर्ष देखि फार्मेसी सञ्चालन गर्ने लक्ष्य रहेको छ । यस अस्पतालको मास्टरप्लान तयार गरी स्वास्थ्य मन्त्रालयमा पठाइ सकिएको छ ।

अस्पतालको स्तरवृद्धि गरी कम्तिमा १०० सैया बनाउन सर्भे भै स्वास्थ्य मन्त्रालयमा प्रस्तूत भैसकेको छ । भारतीय राजदूताबास मार्फत यस अस्पतालमा प्राप्त एम्बूलेन्स सञ्चालनमा ल्याइएको छ । रक्त सञ्चार सेवा ब्लड बैंक स्थापना गर्न सम्बन्धित निकायमा प्रयास भै रहेको छ ।

उपरोक्त दरबन्दी मध्ये महिला रोग विशेषज्ञ, बालरोग विशेषज्ञ, मेडिकल अधिकृत, शिष्टर र स्टाफनर्स ३ पद रिक्त भै कार्य सञ्चालनमा कठिनाइ भएकोले रिक्त दरबन्दी पूर्ती गरी दिन हून आग्रह गरीएको छ ।

यस अस्पतालको प्रसूती कक्षमा जिल्ला जनस्वास्थ्य कार्यालयले तयार गरेको (NICU)कक्ष बालरोग विशेषज्ञको अभावले सञ्चालनमा ल्याउन नसकिएको हुँदा तत्काल बालरोग विशेषज्ञ खटाइ दिन हुन आग्रह गरेका छौ ।

अस्पतालको छूट्टै ट्रान्सफर्मर नभई विद्यूत् आपूर्तीमा समस्या परेको हुँदा ट्रान्सफर्मर जडानको व्यवस्था मिलाउन पर्ने देखिन्छ । खानेपानीको बोरिगं अस्पतालमा भएतापनि टंकी नभई पानी बितरणमा समस्या भएकोले २० बिस हजार लिटर क्षमताको खाने पानी टंकी तत्काल बनाउन पर्ने देखिन्छ ।

कर्मचारी आबासको लागि हालको क्वाटर अपूग भएकोले ८ आठ परिवार क्वाटर निर्माण गर्न पर्ने हुंदा सो को प्रयास भै रहेको छ । यस अस्पताल परिसरमा विगतमा जिल्ला जनस्वास्थ्य कार्यालयले निर्माण गरेको मातृशिशू कार्यकर्ता तालिम केन्द्र भवनमा विगत देखि नै तालिम सञ्चालन नभएको र सो भवन अस्पताललाई आवश्यक भएको हुँदा सो भवन हस्तान्तरणको व्यवस्था गर्न स्वास्थ्य मन्त्रालयसंग अनूरोध गरिएको छ ।

यस अस्पताल कम्पाउण्डमा रहेका साबिक ४ परिवार क्वाटर र चिकित्सक क्वाटर अत्यन्त जिर्ण अबस्थामा भएकोले सो भवनहरू हाल जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्ने प्रयास गरिएको छ ।

अस्पतालभित्र बिरामीका कूरूवाहरूका लागि सार्वजनिक शौचालय आवश्यक भएको हुँदा सार्वजनिक शौचालय निर्माण को व्यवस्था गरिएका छ ।

निमूखा, असहाय, दीन दूःखी बिरामीहरूका लागि स्थानीय जिल्ला अस्पतालहरूले छूट्टै सामाजिक फण्ड ९क्यअर्ष्बी ँगलम० स्थापना गरी निःशूल्क रूपमा औषधी उपचार को व्यवस्था मिलाउनू परेकोले सो को प्रारम्भिक कार्य थालनी गरिएको ।

यस अस्पतालबाट प्रदान गरिदै आएको अल्ट्रासाउण्ड सेवा दक्ष जनशक्तिको अभावले विगत १९ महिना देखि बन्द रहेकोले हाल सञ्चालनमा ल्याउन खोजिएकोमा सम्बन्धित चिकित्सक लाई देखाउंदा सो मशिन पूरानो मोडेलको भएकोले सो बाट डाइग्नोसिस गर्न नसकिने भन्ने सूझाव रहेकोले नंया मोडेलको अल्टासाउण्ड मशिन उपलव्ध गर्ने तर्फ प्रयास भैइरहेको छ ।

शल्यक्रिया कक्षाको लागि आवश्यक एनेस्थेसिया मशिन नभई कार्य सञ्चालनमा कठिनाई भएकोले एनेस्थेसिया मशिन उपलब्ध गराउने प्रयास भएको छ । यस अस्पतालमा सवारी चालक कार्यरत रहेता पनि सवारी साधन नभई कार्य सञ्चालनमा कठिनाई भएकोले यस अस्पतालको लागि एउटा गाडी उपलव्ध गराउने प्रयास गरिएको छ ।

विद्यमान उर्जा संकट बाट उन्मूक्ति पाउन सोलार पावर(सौर्य शक्ती) जडान गर्न आवश्यक भएको हुँदा सोलार पावर(सौर्य शक्ती) जडान को प्रयास गरिएको छ ।

*(भिम अस्पताल विकास समितिका अध्यक्ष हितराज पन्थी र मेडिकल सुपरीटेन्डेन्ट डा.अनन्त कुमार शर्माले बुधबार बिहान पत्रकार सम्मेलनमा प्रस्तुत गर्नु भएको बिबरणमा आधारीत रही तयार गरीएको)*

# अन्तर्राष्ट्रिय शान्ति दिवस र यसको महत्व

३४औं अन्तर्राष्ट्रिय शान्ति दिवस 'शान्तिका लागि सहकार्य-सवैका लागि सम्मान' भन्ने नाराका साथ बिभिन्न कार्यक्रम गरी बिश्वभर सेप्टेम्बर २१ का दिन मनाईयो । हाम्रो देश नेपालमा पनि बिक्रम सम्बत २०६५ सालबाट यो दिवस मनाउदै आईएको छ । यस बर्ष पनि असोज ५ का दिन बिबिध कार्यक्रम सहीत नेपालमा समेत मनाईएको छ । । सन् १९८२ सेप्टेम्बर २१ देखि यो दिवस मनाउन शुरू गरीएको हो ।



संयुक्त राष्ट्र संघले शान्ति,स दभाव, भाईचारा सहित सन् १९८१ मा बिश्वभरका सवै देश र जनता बिच अन्तर्राष्ट्रिय शान्ति दिवस मनाउने प्रस्ताव पारित गरे संगै यसै दिनको सन्दर्भ पारेर प्रत्येक बर्ष सेप्टेम्बर २१ का दिन अन्तर्राष्ट्रिय तहमै विश्व शान्ति दिवस मनाउने गरिन्छ । बिश्वभरी शान्ति कायम होस,हत्या आतंक,अपराधको अन्त्य भई बिश्वभर शान्ति छाओस भन्ने मुल उद्धेश्य सहीत हरेक बर्ष यो दिवस विश्वभर मनाईने गरिन्छ ।

पछील्लो समय नेपालमा पनि शान्ति दिवसले धेरै महत्व र अर्थ राख्ने गरेको पाईन्छ । बिशेष गरी १२ बर्षे द्धन्दको घटना पछी देशमा शान्तिको महत्व बढदै गएको छ ।

शान्ति दिवसका अवसरमा नेपालमा शान्ति मन्त्रालय लगायतका सरकारी निकाय र गैरसरकारी संघसंस्थाहरूले विभिन्न कार्यक्रम गरी मनाउने गर्दछन् । खासगरी १२ बर्षे शसस्त्र द्धन्दको अन्त्य र शान्ति प्रक्रियाको संस्थागत शुरूवातको खुसियालीमा नेपालमा शान्ति दिवसलाई लिने गरिएको छ ।

शान्ति प्रक्रियामा सहयोग पुर्याउँदै आएका मानवअधिकारवादी संघसंस्थाहरूले यस दिन विचार गोष्ठी, सभा र र्‍यालीहरूको

**(बाँकी ५ पेजमा)**

### जरुरी फोनहरु ☎

| | |
|---|---|
| ने. पत्रकार महासंघ रु. | ०७१-५४१३३६ |
| **प्रहरी** | |
| कन्ट्रोल | १०० |
| **प्रहरी** | |
| क्षे.प्र.का.टो.फ्रि | १६६०१५२९९९ |
| ट्राफिक प्रहरी भै. | ०७१-५२२८७५ |
| बुटवल | ०७१-५४०२२२ |
| भैरहवा | ०७१-५२०१९९ |
| अर्घाखाँची | ०७७-४२११९९ |
| गुल्मी | ०७९-५२०१९९ |
| परासी | ०७८-४२०१९९ |
| तौलिहवा | ०७६-५६००९९ |
| पाल्पा | ०७५-५२०१५५ |
| **अस्पताल** | |
| युसिएमएस भैरहवा | ०७१-५२१३५२ |

| | |
|---|---|
| लुम्बिनी अं. | ०७१-५४०२०० |
| भीम अस्पताल | ०७१-५२०१९३ |
| मिसन पाल्पा | ०७५-५२०१११ |
| पृथ्वीचन्द्र परासी | ०७८-५२०१८८ |
| आँखा अस्पताल भै. | ०७१-५२०६६५ |
| अर्घाखाँची जिल्ला | ०७७-४२०२५७ |
| तम्घास जिल्ला | ०७९-५२०१८८ |
| तौलिहवा जिल्ला | ०७६-५६०२०० |
| आम्दा | ०७१-५४४४५० |
| **एम्बुलेन्स** | |
| रेडक्रस भैरहवा | ०७१-५२०२६३ |
| रेयुकाई | ०७१-५२२३२४ |
| परासी | ०७८-५२०१२५ |
| रेडक्रस पाल्पा | ०७५-५२०६०० |
| रेडक्रस तौलिहवा | ०७६-५६००१५ |
| रेडक्रस अर्घाखाँची | ०७७-५२०२७५ |
| रेडक्रस गुल्मी | ०७९-५२०१६३ |

| | |
|---|---|
| लु.नि.व्य.संघ | ०७१-५२१०५८ |
| जैसवाल सेवा समिति | ०७१-५२७२११ |
| **दमकल** | |
| बुटवल | ०७१-५४०१११ |
| भैरहवा | ०७१-५२०२१५ |
| **विद्युत** | |
| बुटवल | ०७१-५४०१३१ |
| भैरहवा | ०७१-५२०२२४ |
| **टेलिफोन** | |
| मर्मत | १९८ |
| सोधपुछ | १९७ |
| **हवाई सेवा** | |
| बुद्ध एयर, भैरहवा | ०७१-५२३८९३ |
| यति एयर, भैरहवा | ०७१-५२७५२७ |
| सिम्रिक एयर | ०७१-५२४२६० |
| **जिल्ला विकास समिति** | |
| रुपन्देही | ०७१-५२०१६० |

| | |
|---|---|
| नवलपरासी | ०७८-५२०१४४ |
| कपिलवस्तु | ०७६-५६००२७ |
| पाल्पा | ०७५-५२०२९२ |
| गुल्मी | ०७९-५२०१४४ |
| अर्घाखाँची | ०७७-४२०१४४ |
| **बस काउन्टर** | |
| पश्चिम नेपाल बस | ०७१-५४३६६९ |
| भैरहवा | ०७१-५२०३५१ |
| सिद्धार्थ यातायात | ०७१-५२०७०० |
| बुटवल | ०७१-५४७८१७ |
| काठमाडौं | ०१-४३५२०१६ |
| **शिक्षण संस्था** | |
| बु. बहुमुखी क्या. | ०७१- ५४०१२४ |
| भै.बहुमुखी क्या. | ०७१-५२०२०५ |
| कृषि क्या. पक्लिहवा | ०७१-५२०१६१ |

कृषि/शिक्षा/स्वास्थ्य/विकास

www.newsok.com.np

**समस्यै समस्या अटोभिलेजमा**

*सम्बन्धित निकायहरू अटो भिलेज सञ्चानमा मौन रहँदा अटो मेकानिक्स ट्रेड युनियन भैरहवामा आबद्ध अढाइ सय व्यवसायीहरू मारमा परेका छन् । १० वर्षको फाइनान्समा ऋण लिई जग्गा किनेका श्रमिक व्यवसायीहरू ४ वर्ष बितिसक्दा पनि काम सञ्चालन नहुँदा ऋण तिर्न समस्या परेको छ ।*

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# भैरहवामा नमुना अटो भिलेजको काम अलपत्र

## नगरपालिका र विद्युत् प्राधिकरणको बेवास्ता




सिद्धार्थनगर वडा नं.-९, गुनैहियामा अलपत्र अवस्थामा रहेको सिद्धार्थ अटो भिलेजको निर्माणस्थल ।

**भुवन पाण्डे**
भैरहवा ।

विद्युत् अभाव र सिद्धार्थनगर नगरपालिकाको बेवास्थाका कारण श्रमिककै लगानीमा भैरहवामा निर्माणधीन सिद्धार्थ अटोभिलेजको काम रोकिएको छ ।

सम्झौता अनुसार सिद्धार्थ नगरपालिकाले विद्युत् र सडकको व्यवस्था नगरी दिँदा २ वर्ष देखि निर्माणको काम रोकिएको हो । विद्युत् कार्यालय र नगरपालिकाको समन्वयनमा कमि रहँदा अटोभिलेजमा विद्युत् जडान गर्ने काम प्राथमिकतामा पर्न सकेको छैन । आपसी खिचातानीमा अल्झिएका कर्मचारीहरू भने एकले अर्कालाई दोष दिएर उम्कने प्रयासमा छन् ।

विद्युत् प्रवाह गर्ने काम विद्युत् प्राधिकरणको हो, हामीले बिजुलीका पोल, तारहरू जडान गर्ने काम २ वर्ष अघि नै सकिसकेका छौं । विद्युत्ले आफ्नो वार्षिक कार्यक्रममा ट्रान्सफर्मर जडान नराख्दा विद्युत् जडान नभएको हो सिद्धार्थनगर नगरपालिकाका कार्यकारी अधिकृत विष्णुदत्त गौतमले जानकारी दिए । छरिएर रहेका अटो व्यवसायीहरूलाई एउटै ठाँउमा व्यवस्थित गर्न नगरपालिकासँग जग्गा नभएपछि व्यवसायीहरूले आफै जग्गा किन्ने र खानेपानी, विद्युत्, सडक, ढल व्यवस्थापन लगायत नगरपालिकाले गरी दिने सम्झौता भएको थियो । ठुला व्यवसायीहरू त्यसको विरोधमा देखिए ।

बुटवल भैरहवाको व्यपारीक सडक मार्ग विस्तार गर्ने क्रममा सडक छेउमा रहेका ठुला व्यवसायीहरू अटो भिलेज सञ्चालनमा पहल गर्ने सट्टा अस्थायी रूपमा लुम्बिनी रोडमा व्यवसाय सारे । श्रमिकहरू मिलेर १ धुरको २९ हजारका दरले ११ करोड ६० लाखमा १० विगाह जग्गा किने संरचनाहरू तयार पार्दै गए तर विद्युत् जडाल नगरी दिँदा ४ वर्ष देखि संरचनाहरू व्यवस्थित गर्न सकेका छैनन् ।

सम्बन्धित निकायहरू अटो भिलेज सञ्चानमा मौन रहँदा अटो मेकानिक्स ट्रेड युनियन भैरहवामा आबद्ध अढाइ सय व्यवसायीहरू मारमा परेका छन् । १० वर्षको फाइनान्समा ऋण लिई जग्गा किनेका श्रमिक व्यवसायीहरू ४ वर्ष बितिसक्दा पनि काम सञ्चालन नहुँदा ऋण तिर्न समस्या परेको दुखेसो पोखे । काम सम्पन्न नहुँदा एकातिर व्यवसायीहरू अटोभिलेजमा सर्न पाएका छैनन् भने अर्कोतिर जग्गा व्यवस्थापन र पूर्वाधारमा लिएको ऋण तिर्न समस्या परेको छ । हामी काम गरेर खाने मान्छे, सहर प्रदुषित भयो भनेर हामीलाई यता सर्न भने यता सरेको पनि वर्षौं भयो तर अझै बिजुली पनी जोडिएको छैन, जेनेरेटर चलाएर फ्याट्ट फुट्ट काम गरेका छौ, जग्गाको फाइनान्स तिर्न पनि पैसा पुग्दैन, निर्माणधीन अटो भिलेजमा व्यवसाय सरेका राजेश धवले बताए ।

कामदार र घरपरिवार चलाउन ऋण खोजेर चलाएको उनले गुनासो गरे । वि.सं २०७० साल देखि निर्माण सुरू हुँदा देखि कहिले नगरपालिका कहिले विद्युत् धाउँदा धाउँदा श्रमिकहरू दिक्क भएका छन् । नगरपालिकामा जाँदा विजुलीको काम विद्युत् कार्यालयको हो भन्छ, विद्युत्मा जाँदा तपाईहरूसँग हाम्रो सम्झौता नै छैन नगरपालिकालाई भन्नुस् भन्दै काम अल्झाउँदै आएका छन् नेपाल अटो मेकानिक्स ट्रेड युनियन भैरहवाका अध्यक्ष गुमानसिंह सारू मगरले बताए ।

ठूला व्यवसायीहरू भएको भए सबैले सुन्थे, सबै श्रमिक भएकोले कुनै कार्यलय संघ संस्थाहरूले पहल नगरेको श्रमिकहरू गुनासो गर्छन् । बजार क्षेत्रमा छरिएर रहेका अटो व्यवसायलाई व्यवस्थित गरी बजारलाई प्रदुषण मुक्त गर्न भन्दै नगरपालिकाले १ वर्षमा सम्पन्न गर्ने गरी सम्झौता गरेको थियो । भैरहवाको गुनैहियामा १० बिगाह क्षेत्रफलमा रहेको अटोभिलेजमा साना तथा ठूला गाडीको विभिन्न ह्याभी इक्युमेन्टका पार्टपूर्जा किनबेच र मर्मत सम्भारको काम हुने छ ।

अटो भिलेज निर्माण भएपछि बजार स्वच्छ हुने मात्र होइन आफ्नो व्यवसाय पनि अहिलेभन्दा धेरै बढ्ने व्यवसायीहरूको अपेक्षा छ । एकै स्थानमा अटो भिलेज व्यवसाय हुँदा ग्राहकहरूलाई पनि गाडीको सामान किन्न छुट्टाछुट्टै स्थानमा धाउनु पर्ने समस्या हुने छैन । बजारलाई स्वच्छ र सफा राख्न छरिएर रहेका अटो व्यवसायीलाई अटो भिलेजमा सार्न सम्बन्धित निकायहरू प्राथमिकताका साथ लागि पर्नुपर्ने देखिन्छ ।

# वर्ग छुट्याएर सरकारले अपमान गर्‍यो

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।



अपाङ्गताको परिचयपत्र प्रदानपछि कुराकानी गर्दै महिला तथा बालबालिका कार्यालय, रुपन्देही प्रमुख उषा रावल ।

महिला तथा बालबालिका कार्यालय भैरहवाबाट गत वर्ष ५ हजार ३ सय ६५ जनाले अपाङ्गता परिचयपत्र लिए । जसमा १ हजार ८ सय ३३ जना बालबालिका रहेका छन् । अपाङ्गता हुनको सङ्ख्या प्रत्येक वर्ष क्रमिक रूपमा बढ्दै गएको छ । कोही जन्मौती अपाङ्गता छन् भने कोही विभिन्न दुर्घटनामा परी अपाङ्ग बनेका छन् ।

रूपन्देहीमा ८ वर्ष पहिले अर्थात् २०६५ सालमा गरेको गणना अनुसार ५ हजार ८ सय ९७ जना अपाङ्गता रहेको महिला विकास कार्यालयमा तथ्याङ्क रहेको छ । अहिले नेपाल सरकारले अपाङ्गताको वर्ग छुट्टाई ४ किसिमको बनाएर परिचयपत्र बितरण गर्दै आएको छ । जसमा पूर्ण अशक्त अपाङ्गतालाई रातो कार्ड, अति अशक्तलाई निलो कार्ड, मध्यमलाई पहेलो र सामान्य अपाङ्गता भएकालाई सेतो कार्ड बाढ्दै आएको छ । पूर्ण अशक्त र अति अशक्त अपाङ्गताले मात्र सरकारबाट अपाङ्गता भत्ता पाउने गरेको महिला तथा बालबालिका कार्यालय प्रमुख उषा रावलले बताइन् ।

पूर्ण अशक्त अपाङ्गताले सरकारबाट महिनाको १ हजार पाउँदै आएका छन् भने अति अशक्त अपाङ्गताले ३ सय भत्ता पाउने गरेका छन् । पहिलेको एमाले सरकाले लेराएको बजेटमा अपाङ्गताको भत्ता सय प्रतिशत बढाएर २ हजार र ६ सय बनाएको थियो तर त्यो अझै लागु भएको छैन । मध्यम अपाङ्गता र सामान्य अपाङ्गताले सरकारले छुट्टाउने यातायात, शिक्षा, जागिर लगायतमा पाउने छुट तथा कोटामा प्रतिस्पर्धा गर्न पाउने व्यवस्था सरकारले गरेको छ । पूर्ण अशक्त अपाङ्गताले भने रोजगारिको लागि कोटा नपाउने व्यवस्था रहेको छ ।

नेपाल सरकाले वर्गका आधारमा बाढ्दै आएको रातो, निलो, पहेलो र सेतो परिचय पत्रको अपाङ्गता भएका व्यत्तिहरू विरोध गर्ने गरेका छन् । सरकारले रातो र निलो परिचय पत्र भएका लाई मात्र भक्ता दिन्छ, हामी पहेलो र सेतो परिचय पत्र भएकाहरूको सरकारले अपमान गरेको छ । पहेलो अपाङ्गता परिचय पत्र पाएका गोकर्णराज पोखेलले भने । सबैको सम्मान हुने गरी एकै प्रकारको परिचय पत्र नेपाल सरकारले व्यवस्था गर्नुपर्ने पोखेलको भनाइ छ ।

पहेलो र सेतो परिचय पत्र पाउने अधिकांश अशत्तहरूले एकै प्रकारको कार्ड बितरण गर्नुपर्ने बताउँछन् । सरकारले यातायातमा सहज हुने हिसाबले २ वटा सिट अपाङ्गता भएकालाई छुट्टाउनु पर्ने व्यवस्था गरेको छ तर त्यसको कुनै यातायात व्यवसायीहरूले पालना नगरेको अपाङ्गता भएकाहरूको दुखेसो छ । सरकारले दिएको सुविधा पाउन त परै जाहोस् हामीलाई देखेपछि गाडिमा चढ्न पनि दिदैनन्, रातो कार्ड भएका अशक्त रमेश साहीले बताए ।

रूपन्देहीमा अपाङ्गताको सङ्ख्या धेरै छ तर सरकारी निकायले त्यसको गणना नगर्दा जिल्लामा कतिजना अपाङ्गता भएका व्याक्तिहरू छन् भन्ने एकिन डाटा कुनै कार्यालयसँग छैन । गरीब र पहुँच नभएका धेरै अपाङ्ग व्यक्तिहरू सरकारी भक्ता तथा अन्य सेवा सुविधा लिनबाट बञ्चित छन् । सम्बन्धित कार्यालयहरूले जिल्लामा रहेका अपाङ्ग व्याक्तिहरूको पहिचान गरी उनीहरूलाई परिचयपत्र दिलाउन आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

# पडसरीको समिक्षा गोष्ठी सम्पन्न

***न्यूज ओके रिपोर्टर***
भैरहवा ।

पडसरी गाविसको आर्थिक वर्ष २०७२।०७३ को वार्षिक समिक्षा गोष्ठी बुधबार सम्पन्न भएको छ । गत आर्थिक बर्षमा गाविसद्धारा संचालित कार्यक्रम, योजना लगायतका विभन्नि विषयमा समिक्षा गरिएको छ ।

पडसरीमा आयोजित कार्यक्रममा गाविसमा भएका विद्यालय, स्वास्थय चौकी, संघ सस्था लगायत सरकारी कार्यालयहरुको समस्या, प्रगति, गतिविधी, गाविसबाट प्राप्त आर्थिक सहयोगको आय ब्याय विवरण लगायतका विषयमा सम्बन्धित विद्यालय, कार्यालयका प्रमुखहरुले विवरण प्रस्तुत गरेका थिए ।

प्रस्तुत विवरणमा विद्यालयका प्रधानध्यापकहरुले विद्यालय संचालनमा समस्या रहेको समस्या समाधान गर्नका लागि गाविसको साथ र सहयोग आवश्यक रहेको उनीहरुले औल्याएका थिए ।

कार्यक्रममा गाविस सचिव अच्युत भट्टराईले गत आव २०७२।०७३ को वार्षिक आय ब्याय विवरण प्रस्तुत गरेका थिए । उनले गत आव भएको संचालनमा भएको विकासे योजना, कार्यक्रमको खर्च, आम्दानी लगायतको विषयमा विवरण प्रस्तुत गर्दै गाविसको समस्या समाधान र विकासको लागि सबैको सहयोग र साथ आवश्यक रहेको बताए ।

कार्यक्रममा उनले अगामी नयाँ विकासे योजनाको विषयमा उल्लेख गर्दै गाविसको लागि ७६ लाख बढी रकम विनियोजन भएको समेत जानकारी गराए ।

## पश्चिम नेपाल र सिद्धार्थले दशैंमा यातायात ...

टिकट बुकिंग सुरू हुन्छ, त्यसैको आधारमा कति टिकट बुकिंग हुन्छ, त्यही अनुसार यातायात सञ्चालन गर्छौं, दशैंको समयमा बस नपाएर कोही यात्रु पनि अलपत्र पर्नु हुन्न , सद्धार्थ यातायात व्यवसायी समितिका अध्यक्ष सूर्य कुमार सारू मगरले न्यूज ओकेसँग भन्नु भयो ।

सिद्धार्थ समितिको अहिले भैरहवाबाट काठमाण्डौ, पोखरा, नारायणगढ, पाल्पा लगायतका स्थानमा यातायात सञ्चालन हुँदै आएको छ । अध्यक्ष सारू मगरले भैरहवा काठमाण्डौंमा सबै भन्दा बढी विंगर २५ वटा, हायस २, फोर्स १, मिनि बस ५, एसि बस २, डिलक्स बस २ र साधारण नाइट बस ३ वटा दैनिक दुई तर्फि छुट्ने गरेको बताए । दशैंमा हामी कुनै पनि यात्रुहरूले दुख नपाइ सजिलैसँग सिटमै बसेर यात्रा गर्न पाउनु हुनेछ, भन्नेमा हामी विश्वस्त छौँ, सारू मगरले भने । सबैभन्दा बढी काठमाण्डौंबाट बुटवल भैरहवा आउने र त्यसपछि भारतमा काम गरी नेपाल फर्कने प्रवासी नेपालीहरूको भिड यातायातमा हुने गर्दछ ।

काठमाण्डौंबाट अत्यधिक यात्रु भएको खण्डमा हामी संस्थाले आफै इन्धन हालेर भए पनि खाली बसहरू यात्रु लिन काठमाण्डौं पठाउँछौ, गत वर्ष पनि हामीले खाली बस पठाएको हो, हामी नाफा र फाइदा मात्र खोज्दैनौ, यात्रुहरूलाई सक्दो सहयोग गर्छौ, सारू मगरले भने ।

भारतमा रोजगारीमा रहेका नेपालीहरू पनि दशै तिहार छठ पर्वका लागि भन्दै घर फर्कने क्रम सुरू भइसकेकोले पनि अब बेलहियाबाट समेत लामो तथा छोटो दुरीका बसहरू छुटाउन अबेर गर्न नहुने सारू मगरले बताए ।

दशैंमा यात्रुहरू सुरक्षित रूपमा आफ्नो गन्तव्य सम्म पुग्न सकुन भन्ने अभियान समेत रहेको बस व्यवसायीहरूले बताएका छन् । चाडवाडको समयमा दुर्घटना नहोस् भन्ने तर्फ आफ्नो ध्यान मुख्य रूपमा केन्द्रित रहेको भन्दै छतमा चढेर यात्रा नगर्न व्यवसायीहरूले आग्रह गरेका छन् ।

## अन्तर्राष्ट्रि शान्ति दिवस ...

आयोजना गर्दै शान्ति दिवस मनाउने गर्दछन् ।

कुनैपनि देशको विकासको मुल आधार भनेकै आन्तरिक र बाह्य दिगो शान्ति भएकोले शान्ति नहुँदासम्म देश विकास हुन सक्दैन । त्यहि भएर शान्तिका लागि प्रतिवद्ध नेपाल सरकारले शान्ति मन्त्रालयनै गठन गरी जिल्ला जिल्लामा शान्ति समितिका सचिवालयहरू गठन गरी कार्यहरू गर्दै आएको छ ।

नेपालमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयले ७५ वटा जिल्लामा रहेका शान्ति समितिहरू मध्येबाट उत्कृष्ट जिल्लालाई हरेक बर्ष पुरस्कृत गर्दै आएको छ । अन्तर्राष्ट्रियस्तरमा समेत शान्ति कार्यमा महत्वपूर्ण योगदान पुर्‍याउने व्यक्ति तथा संस्थाहरूलाई विश्वभर शान्ति दिवसकै अवसरमा पुरस्कृत गरिन्छ ।

नेपालको सन्दर्भमा सरकार र तत्कालिन नेकपा (माओवादी) बीच २०६३ साल मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएपछि शान्ति प्रक्रियाको शुरूवात भई नयाँ संविधान लेखन कार्य अगाडि बढेको थियो ।

यस राजनीतिक घटनाक्रमको परिणाम स्वरूप मुलुकमा एक दशकभन्दा लामो समयदेखि सशस्त्र द्वन्द्वको विधिवत अन्त्य भई दिगो शान्ति स्थापना र सामाजिक(आर्थिक रूपान्तरणमा महत्वपुर्ण योगदान पुगेको अनुभव गरिएको छ ।

नेपालको सशस्त्र द्वन्द्वको प्रकृति, यसका कारण र प्रभावहरू तथा यसको समाधानका लागि अपनाइएका उपायहरू आफैंमा विशिष्ट किसिमका रहेकाले राष्ट्रिय मात्र नभई अन्तरराष्ट्रिय स्तरमै चासो, चर्चा र अध्ययन(अनुसन्धानै बिषय बनेको छ । तल्कालीन नेकपा( माओवादीले) थालेको सशस्त्र द्वन्द्व र त्यसपछि भएका तराई लगायतका अन्य आन्दोलनका क्रममा हालसम्म करिब १८ हजार मानिसको ज्यान गईसकेको छ । माओवादी सशस्त्र द्वन्द्वका क्रममा पाँचहजार पाँचसय ६० वटा भौतिक संरचना नष्ट हुँदा करिब ४ अर्व ५० करोड रूपैंया मूल्य बराबरको क्षाति भएको सरकारी तथ्याङ्क रहेको छ ।




## जिल्ला पशु सेवा कार्यालय रूपन्देहीको अनुरोध

**मानिसलाई चाहिने गुणस्तरीय पोषणतत्व भएको खाद्य पदार्थ हो मासु । तर मासु काट्ने ठाउँ, मासु पसल, मासु ओसार पसार र भण्डारण व्यवस्था दुषित भएमा, दुषित पानीको प्रयोग गरिएमा र लामो समय खुल्ला राखिएमा निरोगी पशुको मासु पनि हानिकारक हुनसक्छ ।**

**त्यसैले झुण्डाएर रगत निकाल्ने, छाला काढ्ने र आन्द्रा भुँडी छुट्याउने गरी बनाएको सफा पशु बधस्थल तथा झिंगा किरा पस्न नसक्ने गरी जाली सिसा लगाएको सफा मासु पसल हेरी छाला नभएको मासु खरिद गर्नु उपयुक्त हुन्छ । व्यवसायीहरूले स्वस्थकर मासु उत्पादन तथा विक्री वितरण गर्न तोकिएको मापदण्डहरू ीलन गरौं ।**

अनुरोधकः-
जिल्ला पशु सेवा कार्यालय
रूपन्देही

**दशैंमा शेयरको चलखेल**

*दशै नजिकिँदै गएपछि सेयर बजार घट्दो क्रममा देखिएको छ । दशैका लागि लगानीकर्ताले सेयर बिक्री गर्दा बजार रातै भएको हो । धेरै कम्पनीले गत आर्थिक वर्षको नाफावाट सेयरधनीलाई दिने लाभांस घोषण गरिसकेको हुँदा बजारको मार्जिनल प्रफीटलाई लगानीकर्ताले बुक गरेको हुँदा सेयर बजार नकरात्मक भएको विश्लेषक बताउँछन् ।*

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# सगरमाथा इन्स्योरेन्सको रूपन्देहीमा कारोबार बृद्धि

*न्यूज ओके रिपोर्टर*

भैरहवा ।

सगरमाथा ईन्सुरेन्स कम्पनि पछील्लो समय निजिर्बन बिमाका लागी अग्रस्थानमा रहेको कम्पनि हो । देशका अन्य स्थानमा जस्तै रूपन्देहीको भैरहवा र बुटवलमा पनि सगरमाथा ईन्सुरेन्स कम्पनिको शाखा रहेको छ । बुटवल क्षेत्रमा करीब ४ हजार र भैरहवा क्षेत्रमा ३५सयको हाराहारीमा आफ्ना सेवा ग्राही रहेको कम्पनिका भैरहवा शाखा प्रबन्धक गोपाल ज्ञवाली बताउछ । भैरहवामा २०६३ सालमा शाखा स्थापना संगै नियुक्ती भएका ज्ञवालीले अहिले बिमा क्षेत्रमा नँया नँया योजना सहीत अन्य कम्पनिहरू पनि आईरहेकाले अस्वस्थ प्रतिष्पर्धा बढीरहेको बताउछन् । सगरमाथा ईन्सुरेन्सले सवारी साधन सहीत कृषि बिमाहरू पनि गर्दै आएको छ । रूपन्देहीमा सवारी साधन सहीत अन्य को बिमामा उत्साह देखिए पनि कृषि क्षेत्रमा भने खासै उत्साह भएको पाईदैन् ।कृषिमा तरकारी खेती,च्याउ, धान, गहुँ खेतीको पनि बिमा हुन्छ । साथै पशुपन्छी, माछाको पनि बिमा हुने भए पनि कृषकहरू त्यति उत्साहित भएका छैनन् । प्रबन्धक ज्ञवालीले भैरहवा क्षेत्रका १० वटा गाई फार्म, आलु, च्याउ खेती र ५ वटा माछा फार्मको बिमा आफ्नो कम्पनिबाट भएको बताए । बिमाको महत्व नबुझेर हुन सक्छ,बिस्तारै कृषि बिमामा पनि आकर्षण बढने छ, उनले भने । धान बालिमा भने कृषकहरूले बिमा गर्नै नखोज्ने ज्ञवालीको अनुभव छ ।

कृषि बिमा अन्तरगत ५ वटा गाई मरेकोमा दाबी अनुसार भुक्तानी दिएको र च्याउ खेती गर्दा पनि कुहिएर ५० हजार रूपैया देखि १ लाख सम्मको बिमा रकम भुक्तानी गरीसकेको ज्ञवालीले बताए ।

सवारी साधन, घर बिल्डींग,उद्योग लगायत निर्जिबन क्षेत्रको बिमामा भने सगरमाथा ईन्सुरेन्स रूपन्देहीमा अन्य भन्दा अगाडी रहेको दाबी ज्ञवालीको छ( । हामीले दाबीपछीको भुक्तानी छिटो भन्दा छिटो गरी सेवाग्राहीलाई समयमै दाबी बिमा भुक्तान होस् भन्ने चाहन्छौं, उनले भने । ज्ञवालीको भनाई अनुसार पहिला पहिला बैंकबाट ऋण लिएकाहरूले मात्रै बाध्यताका कारण बिमा गर्दथे । तर अहिले धेरैले बिमाको महत्व बुझेकाले धेरैले बिमा गर्ने गर्दछन् । पहीला मोटरसाईकल र चार पांग्रे सवारी साधनमा सिंगल पार्टी ईन्सुरेन्स गर्ने बढी रहेकामा अहिले फुल ईन्सुरेन्स गर्ने बढी रहेको ज्ञवालीको भनाई छ ।

## ‘विमा ऐनले गर्दा अस्वस्थ प्रतिस्पर्धा”



**गोपाल ज्ञवाली**

शाखा प्रबन्धक (सगरमाथा इन्स्योरेन्स क.लि. भैरहवा)

**रूपन्देहीमा सगरमाथा इन्स्योरेन्सको अवस्था कस्तो छ ?**

रूपन्देहिमा सगरमाथा इन्स्योरेन्सको अवस्था निकै राम्रो छ । बिगत १८ बर्ष देखि रूपन्देहीको बुटवल र ८ बर्ष देखि भैरहवामा शाखा कार्यालयको स्थापना गरी यस क्षेत्रको निर्जिवन बिमा क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको छ । एक हजार रूपैयाँबाट सुरू गरेको बिमा शुल्क रकम गत आ.ब.मा करिब १२ करोड ५० लाखको हाराहारीमा ब्यबसाय गर्न सफल भएका छौं ।

नेपालकै सन्दर्भमा कुरा गर्ने हो भने गत साल आएको महाभूकम्पमा करिब ४००० दाबीबाट रू. १ अर्ब १६ करोड बराबरको दाबी भुक्तानी गरी नेपालमै सबैभन्दा बढी भूकम्पको दाबी भुक्तानी गर्ने कम्पनीको रूपमा सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड रहेको छ ।

**के-केमा इन्स्योरेन्स हुने गरेको छ ?**

यस कम्पनी मार्फत मोटर, अग्नी, सामुन्द्रिक, चोरी, ब्यक्तिगत दुर्घटना, बैंकर बिमा, स्वास्थ बिमा, ठेक्का बिमा, हवाई बिमा, कृषि बिमा लगायत निर्जिवन बिमाका प्राय: क्षेत्रहरूलाई समेटेर सेवा दिँदै आइरहेका छौं ।

**घटना पछिको दाबी प्रकृया झन्झटिलो छ भन्छन् नी ?**

दाबी प्रकिया सरल बनाउने कि जटिल बनाउने भन्ने कुरा सेवा ग्राहीमा पनि भर पर्ने कुरा हो । यदी दुर्घटना घटी सकेपछी समयमा नै जानकारी गराईएको खण्डमा हाम्रा प्रतिनिधिहरू गई मुल्यांकन कार्य गरीसकेपछी यदि आबवश्यक कागजपत्रहरू समयमा नै उपलब्ध गराएको खण्डमा १५ दिन भित्र प्रकिया पुरा गरेर दावी रकम भूक्तानी दिन सकिन्छ ।

**सगरमाथा इन्स्योरेन्सको नयाँ योजना के छ ?**

सगरमाथा इन्स्योरेन्स कम्पनि लिमिटेडले नयाँ सेवाको रूपमा नेपालमा नै पहिलो पटक बिमा समितिको स्वीकृत लिई सवारी साधनहरूको बिमा गर्नुभएका सेवाग्राहीहरूलाई तत्काल दुर्घटना स्थलमा गई निश्चित प्रकिया पुरा गरी दाबी रकम भुक्तानी गर्ने (VIP On The Spot) नामको बिमा योजन बजारमा ल्याएका छौं । जसले गर्दा सर्वसाधारणहरूलाई बिमाप्रति बिश्वास बढ्ने छ ।

**बिमा क्षेत्रमा अस्वस्थ प्रतिष्पर्धा बढ्दो छ नि ?**

बिमा ब्यबसाय पनि प्रतिस्पर्धा बाट अछुतो रहन सकेको छैन । नेपालमा १७ वटा निर्जिवन बिमा ब्यबसाय कम्पनीहरूले काम गरिरहेको अबस्थामा निकै प्रतिस्पर्धा रहेको छ । बिमा सम्बन्धि ऐनमा रहेको अस्पष्टताले झन यस प्रतिस्पर्धालाई अस्वस्थ बनाइदिएको छ ।

**बिमा नगरेकाहरूलाई के भन्न चाहनुहुन्छ ?**

बिमा भनेको सुरक्षा हो, आफ्नो सम्पत्तिको माया कसलाई हुँदैन । त्यसैले म भन्छु आउनुस् बिमा गर्नुस्, केही बिमाशुल्क भुक्तानी गर्नुस्, अनि आफ्नो जोखिम बिमा कम्पनीलाई हस्तान्तरण गर्नुस् ।

# नेप्से परिसूचक ३५ अंकले घट्यो

*न्यूज ओके रिपोर्टर*

काठमाडौं ।

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक बुधबारसम्ममा मात्रै ३५ अंकले घटेको छ । साताको पहिलो दिन देखि घट्ने क्रममा रहेको नेप्से परिसूचक बुधबारसम्म नै कायम रह्यो ।

दशै नजिकिँदै गएपछि सेयर बजार घट्दो क्रममा देखिएको छ । दशैका लागि लगानीकर्ताले सेयर बिक्री गर्दा बजार रातै भएको हो । धेरै कम्पनीले गत आर्थिक वर्षको नाफावाट सेयरधनीलाई दिने लाभांस घोषण गरिसकेको हुँदा बजारको मार्जिनल प्रफीटलाई लगानीकर्ताले बुक गरेको हुँदा सेयर बजार नकरात्मक भएको विश्लेषक बताउँछन् । साथै पछिल्लो समयमा साजनीतिक वतावरण देखिएको उतारचढावले लगानीकर्ताको मनोवलमा केहि असर गरेको हुनसक्छ ।

पछिल्लो समयमा सेयर लगानीकर्ताले पनि चार्डवाडको तयारी गरेको बताउदै लगानीकर्ता महेश पौड्यालले भने,“ लगानी जती सेयर बजारमा भएकाले चाडवाडका लागि केहि सेयर बिक्री पनि गर्नु पऱ्यो ।” पछिल्लो समयमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई पनि अख्तियारले छानवीनका लागि पत्रकाटेको समचारले सयेयर बजारमा पनि प्रभावीत भएको उनको भनाई छ । हालको राजनीतिक बातावरण विग्रेको अवस्थामा अर्थतन्त्रपनि प्रभावीत हुने भएकाले लगानका अवसरहरू नआउने हुँदा सेयर बजारमा असर गर्न सक्ने उनको भनाई छ । निरन्तर सुधारको गतीमा रहेको नेप्से परिसूचक १८ सयको विन्दु पारगरेपछिको यो दोस्रो पटकको करेक्सन हो ।

पछिल्लो समयमा अधिकासं बैंक तथा वित्तीय संस्थाले लाभांसको रूपमा सेयरधनीलाइ बोनस सेयर दिएको अवस्था छ । बैंक वित्तीय संस्थाले पुंजी वृद्धिका लागि पनि बोनस सेयर वितरण गर्नु पर्ने बाध्यता छ । यो समयमा पनि लगानीर्क्ताले सेयर बिक्री गर्नु बजार केही करेक्सन हुनसक्ने संकेत हो ।



पछिल्लो सायमका लघुवित्त र बिमा कम्पनीका कारण निरन्तर वढेको नेप्से हाल आएर बैंक वित्तीय संस्थाको सेयर मूल्यमा कमी आएपछि घटेको छ । यो साता अधिकासं बैंक तथा बित्तीय संस्थाको सेयर मूल्य घटेको छ । नेप्सेमा सुचिकृ कुल सेयरको ७६ प्रतिशत हिस्सा रहेको बैंक तथा बित्तीय संस्थाको सेयर मूल्यमा गिरावट आएपनि नेप्से परिसूचक तिन दिनमा ३५ अंकले घटेको हो ।

आईतबार १० अंकले घटेको नेप्से मंगलबार करिब १८ अंकले घटेका थियो । सोमबार संविधा दिवशको कारणले सार्वजनिक विदामा नेप्से पनि बन्द रह्यो । बुधबार पनि नेप्से परिसूचक ७ अंक भन्दा धेरैले घट्यो । बुधबार कारोबार सुरू हुँदा समान्य सुधारको गतिमा देखिएको नेप्से केहि समयपछि नै घट्दो क्रममा देखिएको थियो । कारोबारको मध्ये समयसम्ममा नेप्से करिब २० अंक भन्दा धेरैले घटेको थियो । तर, कारोबारको समय वित्दै जाँदा नेप्से घट्ने क्रममा कमी आएको थियो ।

बुधबार नेप्से परिसूचक संगै कारोबार रकममा नि उल्लेख्य गिरावट आएको छ । बुधबार नेप्सेमा ९४ करोड ९६ लाख रूपैयाँ बरावरको सेयर किनबेच भएको छ । कारोबार सुरू हुँदा १७८६.५० अंकमा रहेको नेप्से ७.३७ अंकले घटेर बन्द हुँदा १७७९.१३ मा झरेको छ । नेप्से परिसूचक संगै ‘क’ वर्गका कम्पनीको सेन्सेटीभ इन्डेक्स पनि सामान्य अंकले घटेको छ ।

यो साताको पछिलो दिन आईतबार नेप्से परिसुचक १८१५.१७ अंक्मा थियो । यो साताको बुधबारसम्ममा नेप्सेमा पौने पाँच अर्वको सेयर किनबेच भएको छ । यो साता नेप्सेमा ३ दिन मात्र कारोबार हुदा ४ अर्ब ७६ करोड रूपैयाँ बरावरको सेयर निबेच भएको छ ।

# प्रौढ बचत तथा ऋण सहकारी संस्था लिमिटेड, बुटवल

प्रौढ बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना २०६४ साल मंसिर १० गते बुटवल वडा नम्बर ११ मा भएको हो । तत्कालिन समयमा २६ जना शेयर धनीले जनही पाँच हजार रूपैयाँका दरले उठाई १ लाख ३० हजार रूपैयाँ शेयर पूँजीबाट सुरू भएको यो सहकारीले सहकारीको नीति, ऐन पालना गर्दै जाँदा छोटो समयमै राम्रो ख्याती आर्जन गर्न सफल भएको छ ।

अहिले यो सहकारीको शेयर पूँजी १ करोड १० लाख ७५ हजार रूपैयाँ पुगेको छ । गत आर्थिक वर्षको असार मसान्त सम्म संस्थाको बचत ९ करोड रूपैयाँ तथा विभिन्न क्षेत्रमा गरी कुल ८ करोड ३८ लाख ९१ हजार १ सय ७६ रूपैयाँ लगानी गरेको सहकारीका अध्यक्ष तिलकराम पौडेल बताउँछन् ।

सहकारीले साना उद्योग, व्यापार, कृषि, घरेलु उद्योग, घरकर्जा, सामाजिक, शैक्षिक, बैदेशिक लगायतका क्षेत्रमा लगानी गर्दै आएको पौडेलको भनाई छ । लगानी गर्ने भन्दैमा हामीहरू अन्धाधुन्ध लगानी गर्दैनौ सहकारीको सिद्धान्त र मर्म अनुसार हामी चल्छौ, त्यसैले छोटो समयमा हामी सफल रूपमा अघि बढ्न सकेका छौं, अध्यक्ष पौडेलले भने ।

**हाम्रो सहकारी**

सहकारीमा पुरूष २३८ र महिला २११ गरी ४४९ शेयर सदस्य रहेका छन् । गत आर्थिक वर्षमा कुल २६ लाख २३ हजार ४ सय ८६ रूपैयाँ नाफा आर्जन गर्न सफल यो सहकारीले वरपर रहेका पूँजीहरू एकिकृत गरी सहकारीको माध्यमबाट आवश्यकता परिपुर्ति गर्दै शेयर सदस्यहरूको आर्थिक सामाजिक र सांस्कृतिक जीवनलाई सहकारीको माध्यमबाट रूपान्तरण गर्ने, दिगो भविष्यको लागि सहकारीलाई एउटा सशक्त माध्यमको रूपमा विकास गर्ने मुल उद्धेश्य रहेको छ ।



**तिलकराम पौडेल**

(अध्यक्ष)

भविष्यमा आफ्ना शेयर तथा चतकर्ताहरूलाई आत्मनिर्भर बनाउन आयआर्जन मुलक विभिन्न क्षेत्रमा लगानी लगाई उनीहरूलाई आत्मनिर्भर बनाउने योजना सहकारीको छ । सहकारीको नाम प्रौढ भए पनि नेपालको प्रचलित कानुन बमोजिम उमेर पुगेका सबै नागरिक यो सहकारीको सदस्य बन्न सक्ने छन् ।

# बैंकको मर्जर र एक्विजिसन आफुखुशी प्रकृया तोड्न नपाउने



*न्यूज ओके रिपोर्टर*

भैरहवा ।

एक आपसमा गाभिने(मर्जर) र एकअर्कालाई खरिद गर्न (एक्विजिसन) का लागि नेपाल राष्ट्र बैंकबाट बैंक तथा बित्तिय सस्थाहरूले सैद्धान्तिक सहमति लिइसकेपछी अब आफुखुशी तोड्न नपाउने भएका छन् ।

पछील्लो समय मर्जर या एक्विजिसनमा जाने निर्णय भैसकेका बैंक तथा बित्तिय सस्थाहरूले आफुखुसी सहमती तोडदै जान थालेपछी नियामक निकाय केन्द्रिय बैंकले कडाई गर्दै आफुखुसी प्रकृया तोडन नपाउने निर्णय गरेको हो ।

सैद्धान्तिक सहमति लिएर अन्तिम समयमा प्रक्रिया भंग गर्ने प्रवृत्ती बढ्दै गएपछि राष्ट्र बैंकले अघिल्लो विहिबार मर्जर तथा एक्विजिशन नियमावली संसोधन गरी कडाइ गरेको हो ।

नयाँ व्यवस्था अनुसार मर्जरका लागि सैद्धान्तिक सहमति प्राप्त गरेका संस्थाहरूले राष्ट्र बैकको स्वीकृति नलिई आफूखुशी भंग गरी त्यस्तो प्रक्रियाबाट अलग भएको निर्णय गर्न पाउने छैनन् ।

यसका लागि प्रक्रियाबाट अलग हुनपर्ने कारण खुलाई सञ्चालक समितिको निर्णय तथा संयुक्त मर्जर वा प्राप्ति समितिको सहमति सहित निवेदन पेश हुन आएमा राष्ट्र बैङ्कले सैद्धान्तिक सहमति रद्द गरिदिन सक्ने व्यवस्था छ । यसअघि मर्जरमा रहेका संस्थाहरूले आफुखुशी मर्जरबाट अलग भएको घोषणा गरी केन्द्रीय बैंकलाई जानकारी दिदै आएका थिए ।

राष्ट्र बैंक मर्जर नीति ल्याएपछि दर्जनौं बैंक तथा वित्तीय संस्थाले मर्जरको सम्झौता गरी अन्तिम समयमा तोडेका थिए । हालै मात्र माछापुच्छे र जनता , कुमारी र एनसिसी बैंकले अन्तिम समयमा मर्जर प्रक्रिया भंग गरेका थिए ।

मर्जर प्रक्रियामा जादा लामो समयसम्म सेयर कारोबार रोक्का रहने र मर्जर पनि नहुने भएकाले साधारण लगानीकर्ता मर्कामा पर्दै आएका थिए । बैंक तथा वित्तीय संस्थाको संख्या घटाइ थोरै तर बलिया संस्था बनाउनका लागि राष्ट्र बैंकले एक आपसमा गाभिने र एकले अर्कालाई किन्ने (एक्विजिसन) नीति ल्याएको थियो । दुवै नीतिलाई एक बनाएर केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली-२०७३ जारी गरेको हो ।

२०७३ असार मसान्तसम्ममा १०८ वटा बैंक तथा वित्तीय संस्थाहरू एक आपसमा मर्ज भई ४३ वटा संस्था बनेका छन् । त्यसैगरी, दुई वाणिज्य बैंकले चारवटा वित्त कम्पनीहरू र एक विकास बैंकले अर्को एक विकास बैंक खरिद गरेको राष्ट्र बैंकले जनाएको छ ।



२०७३ असोज ६ गते बिहीबार (22 Sept, 2016 Thursday)

NEWS

www.newsok.com.np

English Page

न्यूज ओके राष्ट्रिय साप्ताहिक

# What is Shorah Shraddha ?



Shorah Shraddha, sixteen days for dead ancestors Also known as Pitri Paksha in Nepal and India, the fortnight of ancestors, known commonly as Shorah Sarad is a sixteen lunar day period when the Hindus worship and pay homage to their ancestors, especially through food offerings.

As Shraddha and tarpan are given during this period, the Hindus consider it to be inauspicious. Shorah Shraddha falls in the Hindu lunar month of Bhadrapada (September – October) which begins with the full moon day (Purnima) and ends with new moon day with the start of the Hindu holy festival of Dashain.

During this period, although the senior male member of the family gives tarpan to the three preceding generations every day, one day in particular is fixed for the Shraddha .(depending upon the death anniversary on the basis of Hindu traditional calendar called patro).

According to the legends, when the legendary donor Karna died in the epic Mahabharat battle, his soul transcended to heaven where he was offered gold and jewels as food. However, wanting real food to eat, he went to ask the King of the heaven Indra about it (in some legends, Indra is replaced by Yama, the Lord of death). Indra, then, informed him that Karna had only donated gold all his life and never a single grain of food to his ancestors in Shraddha. As Karna was un aware of who his ancestors were, he had never donated anything in their memory, so in order to make amends, Karna was allowed to return back to earth for 16 days to perform Shraddha and donate food and water in the memory of his ancestors. Hence, this sixteen days period is now observed as Pitri Paksha or Shorah Shraddha.

The fifteen days of the period consists of 15 Tithis that are Pratipat, Dvitiya, Tritiya, Chaturthi, Panchami, Shashti, Saptami, Ashtami, Navami, Dasami, Ekadashi, Duadasi, Trayodasi, Chaturdashi and Amavasya (Aunsi in Nepali).The Shraddha of the dead ancestors are performed on the same tithi as they had died. Usually the eldest son performs the puja while the other participates in it. It is conducted with the belief that this will ensure their ancestor's soul to rest in peace in heaven. Also, the forgotten or missed annual Shraddha could be performed during this period and during this entire period purity in food habit should be maintains which means that the people, especially those whose parents are dead, needs to keep away from impure foods like meat, garlic and onions, etc. Also, a day before the Shraddha, ekchhaki is performed when the sons eat only one meal during the morning and in dinner, they usually eat roti made of wheat flour, which is considered pure, without any vegetables with oil, spices or salt it.

Also, the food offerings that include kheer, milk, rice, dal and vegetable of spring beans are made to the ancestors which are cooked in either silver or copper vessels and placed on a banana leaf or cups made of dried leaves (tapari,duna or bota)

# Nepal and India issued a 25-point joint communiqué

***New Delhi.***

Nepal and India on Friday night issued a 25-point joint communiqué on the occasion of Nepal Prime Minister Pushpa Kamal Dahal's state visit to New Delhi.

Dahal and Modi addressed the media after a bilateral meeting led by the two heads of government followed by a one-on-one between the two PMs.

During a joint media briefing after a meeting between the two prime ministers at Hyderabad House in New Delhi, PM Dahal said, "The Nepali side exchanged substantive views on taking concrete steps to elevate bilateral relations to a new height in all spheres—political, economic, social and cultural."

Expressing gratitude toward his Indian counterpart for the warm welcome upon his arrival, PM Dahal "We shared the view that given our deep and extensive relationship, a meaningful partnership between the two countries is crucial to unlock huge potential that we have for our mutual benefits. I am convinced that without economic prosperity, political transformation cannot be sustainable."

PM Dahal said that during his meeting with Modi he shared that trust and confidence are the pre-requisites of strong and sustainable friendly relations. "And to ensure this, we should respect each other's sensitivities and concerns in a spirit of good neighborliness," said Dahal.

Likewise, Indian Prime Minister Narendra Modi said, "We commend the role you've personally played in strengthening democratic institutions in Nepal and wish very success."

Modi also described his meeting with Dahal as "a significant day" in history of Nepal-India friendship.

"We share our burden during difficult times, just as we celebrate each other's achievements. Our friendship is time-tested and unique," said Modi.

"As immediate neighbours and close friendly nations, peace, stability and economic prosperity of Nepal is our shared objective. At every step of Nepal's development journey and economic progress, we have been privileged to be your partner."

Modi also expressed confidence that Prime Minister Pushpa Kamal Dahal will successfully implement the constitution through inclusive dialogue accommodating the aspirations of all sections of diverse society of Nepal.

The Indian government said that it would provide Rs 100,000 to 50,000 earthquake-hit households.

The two PMs also agreed to set up a mechanism to oversee the progress of projects on a regular basis and take necessary steps to expedite their implementation.

Indian PM also expressed the willingness of additional allocation for infrastructure of road ways along with the integrated check posts (ICPs).

Issues like irrigation, inundation, flood etc. would be discussed in the next meeting of the Joint Committee on Water Resources at the Secretary level.

For the development of tourism and health care sector, they also signed MoUs on cooperation in Traditional Medicine and on Tourism Cooperation, including development of Buddhist and Hindu pilgrim circuits.

Lastly, Indian PM Modi accepted an official invitation made by PM Dahal for a state visit. The dates would be finalised soon.

# Sri Lankan Ambassador Visits Lumbini and Kapilavastu



***News Ok Reporter***

Bhairahawa.

Sri Lankan Ambassador for Nepal Her Excellency W. S. Parera arrived Lumbini in her 3-day visit. She was accompanied by the Sri Lankan officials. She arrived Lumbini on 13 September. She inspected Lumbini Sri Lankan Monastery and Sri Lanka pilgrim rest. She also visited Mayadevi temple in Lumbini and different Buddhist sites in on September 14.

The delegates visited the head office of Lumbini Development Trust on September 15 where the Ambassador was welcomed by Lumbini Development Trust (LDT) Vice Chair Ven. Nigrogh, Member Secretary Ajitman Tamang, Project Chief Iman Singh Muktam and LDT staff. Information Chief Hari D. Rai explained the ambassador about Lumbini Master Plan. The officials offered her a token of Love from behalf of the LDT.

The ambassador remarked that she was very happy to have opportunity to visit Lumbini and pay homage to the birthplace of the Buddha. Government of Sri Lanka is always ready to co-operate Lumbini development, we will continue such supports in future too, she further added.

**Bangladeshi Delegates Visited Lumbini**

A high level delegation consisting of Honorable R. A. M. Obaidul Moktadir Chowdhury, Chairman of Parliamentary Standing Committee for Ministry of Chittagong Hill Tract Affairs, Bangladesh, Mr. Naba Bikram Kishore Tripura, ndc, Secretary, Ministry of Chittagong Hill Tract Affairs; Mr. Mohammad Razib Siddique, PS to Secretary, Mr. Asit Baran Sarker, First Secretary (Consular), Bangladesh Embassy, Kathmandu and Mr. Nani Ram Subedi, Consultant of ICIMOD, Kathmandu and their family members visited Lumbini in a two-day tour.

The delegates were welcomed by Vice Chair Ven. Nigrodha of Lumbini Development Trust at Guatam Buddha Airport Bhairahawa. Information Chief Hari D. Rai toured the guests to Tilaurakot, ancient Sakya capital city where Siddhartha had spent 29 years of his princely life. Member Secretary Ajitman Tamang and LDT staff welcomed the delegates in Lumbini and toured them to Lumbini monastic zone. The delegates also observed the plot of land that government of Bangladesh is going to obtain in Lumbini for their Buddhist monastery construction.

The delegates paid homage to the Sakyamuni Buddha's birthplace and observed the archaeological monuments in the Mayadevi temple complex.

# Col Kumar Lama returns after acquittal by UK court

***Kathmandu.***

Nepal Army's Colonel Kumar Lama, who was acquitted of war crime charges by the United Kingdom's Central Criminal Court, has returned home on Tuesday.



His family members relatives welcomed Col Lama at the Tribhuvan International Airport. Army officials in plain clothes had reached the TIA to receive Col Lama.

Col Lama faced trial on charges of inflicting severe pains to two detainees during the height of Maoist insurgency in Nepal in 2005. He is the first person to be tried outside Nepal for alleged human rights violation and war crimes in Nepal under the universal jurisdiction.

On September 6, the Central Criminal Court in Old Bailey, however, gave him clean chit and closed the case against him, citing lack of evidences against him.

He was arrested in January 2013 while on leave in the UK from his posting as a UN peacekeeper in South Sudan.

Charges were brought under section 134 of the Criminal Justice Act, which allows suspects to face trial before a British court even if their alleged offences are committed abroad and they are not UK citizens.

'Unacceptable delays'

Col Lama's solicitor Jonathan Grimes, said his client had always maintained he never ordered or was complicit in torture.

"The past three-and-a-half years has been an extremely frustrating and stressful period for Colonel Lama and his family," he said.

"There have been unacceptable delays in bringing this case to a conclusion.

"I hope that the CPS will reflect carefully on its selection and management of this case and will learn lessons for the future."

# Jitiya festival Start

Jitiya is an important festival of Nepali married women of Mithilanchal and Tharu woman of all castes. Jitiya vrata is performed for the wellbeing and long life of her sons. It is performed on Aswin Krishna Ashtmi usually during Pradosh time.

Nepali women observe Nirjala fast (without water) on this day and break the fast next day on the end of Ashtami. Sometimes, when Ashtami begins in afternoon, women may have to fast for two days. Since nothing, even a drop of water, is put in mouth, the fast is also called Khar Jitia. Children who escaped severe accidents are believed to have the blessings of their mother having performed this brat. It is trend or tradition to eat fish and chapatti (roti, bread) made of millet (Marua) the previous day. In the night prior to fast they take a meal just before the beginning of Ashtami.

This is peculiar to this fasting only. Often children are awoken and fed the preparations. This is known as Ongthan. jivitputrika fast is observed on the day on which the sunrise takes place on ashtami and the Paaran Puja is performed on the navami after the sunrise. This is the tradition to observe this fast.

First of all take bath in the morning and pray Jimutvahana. The mother does not have to eat or drink anything whole day. The ladies then have to hear Jimutvahana Katha along with Eagle-siyari katha in the day and offer prasad to the lord. The paaran of the fast completes after the sunrise of the navami. The fast is observes with full dedication and faith for the long life of the son in the family and also for the welfare of the family members.

It is believd that the family is blessed with offsprings to continue the name of the family by praying Jitmutvahana made of grass. Put this idol of grass into the water and offer bamboo leaves, chandan, flowers etc. and then pray the lord.

jivitputrika fast is observed on the day on which the sunrise takes place on ashtami and the Paaran Puja is performed on the navami after the sunrise. This is the tradition to observe this fast. First of all take bath in the morning and pray Jimutvahana. The mother does not have to eat or drink anything whole day.

The ladies then have to hear Jimutvahana Katha along with Eagle-siyari katha in the day and offer prasad to the lord. The paaran of the fast completes after the sunrise of the navami. The fast is observes with full dedication and faith for the long life of the son in the family and also for the welfare of the family members. It is believd that the family is blessed with offsprings to continue the name of the family by praying Jitmutvahana made of grass. Put this idol of grass into the water and offer bamboo leaves, chandan, flowers etc. and then pray the lord.

# World Tourism Day on September 27th




World Tourism Day is celebrated worldwide on September 27th. On this day, awareness is raised among the international community of the importance of tourism and its social, cultural, political and economic value. This year, the world will celebrate this day with a common theme; 'Tourism for All'. This theme as a platform to remind the community of their valued contribution in the tourism industry.

World Tourism Day; 'Tourism for All'. This shows how important the participation of the entire community is in the local tourism industry.

# Samsung to replace or refund 1 million US Galaxy Note 7 phones



Samsung Electronics Co Ltd formally recalled 1 million Galaxy Note 7 smartphones sold in the United States, replacing or refunding the flagship phones, whose susceptibility to catching fire has damaged the image of the Korean powerhouse.

Samsung received 92 reports of batteries overheating in the United States, including 26 reports of burns and 55 cases of property damage, the company said as it announced the recall in cooperation with the US Consumer Product Safety Commission (CPSC).

The recall is a costly setback for Samsung, which was counting on Galaxy Note 7 to bolster sales as rivals such as Apple Inc launch new devices. The scale of the recall is unprecedented for Samsung, the world's largest smartphone maker.

Samsung said on Thursday that new Note 7 replacement devices will be available at most retail locations in the United States no later than September 21.

The CPSC said on Thursday that consumers should immediately power down and stop using the recalled Galaxy Note 7 devices.

The US Federal Aviation Administration has asked airline passengers to switch off and unplug the recalled Note 7s during flights.

Some 2.5 million of the premium devices worldwide need to be recalled, Samsung said. Some analysts say the recall could cost Samsung nearly $5 billion in lost revenue this year.

***(Reuters)***

## बर्गीकृत विज्ञापन | Classified Display

आकर्षक जग्गा बिक्रीमा

गौतमबुद्ध विमानस्थल अगाडि सडकबाट उत्तरतर्फ आकर्षक जग्गा बिक्रीमा । १ सय १० फिट सडक मोहडा भएको ५ कठ्ठा १० धुर जग्गा बिक्रीमा छ ।

होटल, व्यवसायिक भवनका लागि बहुउपयोगी जग्गा




सिधा सम्पर्क नं. : ९८५७०२२३५५

वर्गीकृत विज्ञापन दररेट

प्रति स्पट : (मु.अ.क. कर बाहेक)

रू. ५००।-

न्यूज ओके साप्ताहिक

सिद्धार्थनगर, देवकोटाचोक, भैरहवा, मो. ९८५७०६२३५२

Double Ray Engineering And Multi Services

DREAMS Localizing Technologies

IT Consultancy | Software | Website | Network | Security | Intercom | GPS Tracking

Milan Chowk, Siddharthanagar, Bhairahawa

T: +977 71 522042, 9815444817 | E: info@dreams.com.np | W: dreams.com.np

Sales :: Service :: Support

# फुटबल संचालनका लागि वैदेशिक रोजगारीमा रहेका कुञ्जलापुरे युवाको सहयोग




*न्यूज ओके रिपोर्टर*
भैरहवा ।

**बिदेशबाट गाउँका युवाहरूले आफ्नो पसिनाबाट आर्जन गरेको रकमको केही अंश फुटबल सञ्चालनका लागि पठाउँदा आयोजक उत्साहित भएका छन्**

रूपन्देहीको कुञ्जलापुरमा रहेको झरना स्पोर्टिग क्लब लामो समय देखि फुटबल खेलको विकासका लागि यस क्षेत्रमा क्रियाशिल संस्था हो । अझ क्लबले विगत ३० वर्ष देखि सञ्चालन गर्दै आइरहेको झरना रनिंग शिल्ड फुटबल प्रतियोगिताले क्लबको शाख, मान सम्मान झनै बढाइदिएको छ ।

प्रतियोगिता नेपालको ग्रामिणतहमा सञ्चालन हुने खेल मध्ये ठुलो पुरस्कार राशी सहितको भएकाले पनि अहिले यो क्लब र प्रतियोगिताको चर्चा शिखरमा रहेको हो । बिजेतालाई १ लाख ३० हजार र उप बिजेतालाई ७५ हजार नगद पुरस्कार त्यो पनि कुनै सरकारी निकायको सहयोग विना नै प्रतियोगिता हुनु चानचुने कुरो होइन ।

स्थानीय ग्रामिण तहमा ठुलो पुरस्कार सहितको प्रतियोगिता सुरू भए पछि कुन्जलापुरका स्थानीय बासिन्दाले आफ्नो गच्छे अनुसार आर्थिक सहयोग त गरेका नै छन्, त्यो भन्दा बढी कुन्जलापुरमा स्थायी घर भई बैदेशिक रोजगारीका लागि खाडी लगायतका विभिन्न मुलुकमा गएकाहरूले आफ्नो पसिनाको कमाई कटाएर फुटबल सञ्चालन गर्न यो बर्ष पनि सहयोग पठाएका छन् । उनीहरूले आफ्नो गाउँ ठाउँमा दशैंको समयमा हुने फुटबल प्रतियोगितालाई निरन्तर सहयोग बिदेशी भूमिबाट गरिरहेको झरना स्पोर्टिग क्लबका अध्यक्ष लोक पुन बताउँछन् ।

साथी भाइहरूले आफ्नो जन्म गाउँमा आयोजना भइरहेको फुटबल सम्पन्न गर्न दैनिक जसो आर्थिक सहयोग पठाइरहेका छन्, हामी निकै खुसी छौ, निरन्तर सहयोग आइरहेका छ हरेक वर्ष अध्यक्ष पुनले भने ।




बिदेशबाट गाउँका युवाहरूले आफ्नो पसिनाबाट आर्जन गरेको रकमको केही अंश फुटबल सञ्चालनका लागि पठाउँदा आफुहरू निकै उत्साहित भएको अध्यक्ष पुनको भनाइ छ । यस पटक प्रतियोगिता सञ्चालन गर्न दक्षिण कोरियामा रहेका विजय राना, हितमान राना, सोम बहादुर बि.क, प्रभात थापा, कृष्ण गुरूङ्ग, तेज बहादुर तथा मुना पुनले जनही ५ हजारका दरले एकमुष्ठ ३५ हजार पठाएको क्लबका कोषाध्यक्ष धनेन्द्र पौडेलले बताए । पौडेलका अनुसार क्यानडाका उत्तम थापाले १० हजार, पोर्चुगलबाट नविन गुरूङ्गले १० हजार, नर बहादुर भुजेल टर्किबाट ५ हजार ५०, अष्ट्रेलियाबाट दिपेश छन्त्यालले ९हजार १ सय हंगकंगबाट रमेश चौधरीले १० हजार , अफगानिस्तानबाट केहरसिंह गलामीले ५ हजार ५५ रूपैयाँ पठाएका छन् । त्यस्तै गरी हंगकंगबाट किशोर पौडेल र बिजु चौधरीले ३० हजार रूपैयाँ बराबरको ३० थान ट्र्याकशुट पठाएका छन् । बिदेश अझै पनि सहयोग आइरहेको छ, साथीहरूले पठाउँछौ भन्नु भएको छ, दशै सम्म सहयोग आउने क्रम जारी रहन्छ, कोषाध्यक्ष पौडेलले भने ।

करीब २ सय घर धुरी रहेको कुन्जलापुरका धेरै बैदेशिक रोजगारीका लागि बिदेशमा छन् । गत वर्ष पनि बैदेशिक रोजगारमा रहेका कुन्जलापुरे युवाहरूले १ लाख भन्दा बढी सहयोग पठाएका थिए । बिदेशमा रहेका कुन्जलापुरे युवाहरूले फुटबल सञ्चालन गर्न उताबाट पठाएको सहयोगलाई आयोजकले अमुल्य ठानेका छन् ।यस वर्ष २ लाख रूपैयाँ भन्दा बढी सहयोग बिदेशबाट आउने अपेक्षा क्लबको छ ।

यस पटक गत भदौ ३१ गतेबाट ३० औ झरना रनिंग शिल्ड फुटबल प्रतियोगिता सुरू भइसकेको छ । गत २९ औं संस्करणका उप संयोजक रहेका लोक बहादुर भण्डारीको सडक दुर्घटनामा परी निधन भए पछि उनका पिता बलबहादुर भण्डारीले आफ्ना स्वर्गीय छोरा लोक बहादुर भण्डारीको स्मृतिमा प्रथम पुरस्कार १ लाख ३० हजार रूपैयाँ सौजन्य गरेका छन् । १५ गते सम्म सञ्चालन हुने फुटबल प्रतियोगिता उमा मा.वि. कुन्जलापुरको मैदानमा सञ्चालन भइरहेको छ । प्रतियोगितामा १६ टिम सहभागी रहेका छन् ।

## ‘ओलम्पियन’ सार्वजनिक

# क्यान्सरले दुःख मात्र दिएन, पुस्तक समेत लेखायो



पुस्तक विमोचन समारोहमा सुरेन्द्र हमाल (हाफ सट बीचमा) का साथमा ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठ र अन्य ओलम्पियन खेलाडीहरु ।

*न्यूज ओके रिपोर्टर*
भैरहवा ।

भारोत्तोलनका सफल खेलाडी एवं राजनीतिज्ञ सुरेन्द्र हमालको आत्मकथा समेटिएको पुस्तक ‘ओलम्पियन’ सार्बजनिक भएको छ ।

उक्त पुस्तकको मंगलबार काठमाण्डौस्थित राष्टिय खेलकुद् परिषद्को ओलम्पियन मिनि कर्बड हलमा विमोचन गरिएको थियो ।

ओलम्पिक खेलाडीहरू जगदीश प्रधान, पुष्पराज ओझा, संगिना बैद्य, अनिता श्रेष्ठ र लेखक स्वयम्ले उक्त आत्मकथाको विमोचन गरेका छन् ।

क्रियटिभ बुक्सले प्रकाशन गरेको ‘ओलम्पियनः सुरेन्द्र हमाल’ को सहलेखन टीएस ठकुरीले गरेका हुन् भने सम्पादन सञ्चारकर्मि जनक नेपालले गरेका छन् ।

विमोचन समारोहमा नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले नेपाली खेलाडीको पहिलो आत्मकथाले खेलाडी र खेल पदाधिकारीलाई उत्साहित बनाएको बताउँदै ओलम्पियन हमालको आत्मकथाले नेपाली खेलाडीको वास्तविकता सार्वजनिक गरेको र अब खेलकुद्को घटना क्रम पुस्तकमा आएकाले अहिलेको पुस्ताका लागि प्रेरणादायी बन्न सक्ने बताए ।

‘पहिले खेलाडीले झण्डा मात्र फहराउथे । अब दस्तावेजीकरण समेत हुने चरणमा पुगेको छ’ उनले भने, - यो पुस्तकमा खेलाडीको दुःख र पीडा मात्र छैन, सफलताको कथा पनि छ । यसले खेलकुदलाई पूर्णता दिएको छ ।

पुस्तकका लेखक ओलम्पियन सुरेन्द्र हमालले क्यान्सरले थलिएर निको हुने क्रममा पत्रकार र शुभेच्छुकहरूको सल्लाहमा पुस्तक लेखेको बताए । ‘क्यान्सरले दुःख मात्र दिएन । पुस्तक समेत लेखायो । त्यसलाई पनि मैले सफलता ठानेको छु’ उनले भने । हमालले आफ्नो पुस्तकले पुराना खेलाडीको खेल जीवन, दुःख सुख र संघर्षलाई उतार्न खोजेको उल्लेख गर्दै यसमा भएका सकारात्मक कुराबाट नयाँ खेलाडीले सिक्न सक्ने बताए ।

साहित्यकार नयनराज पाण्डेले खेलकुद् क्षेत्र पनि साहित्यमा प्रवेश गरेको उल्लेख गर्दै लेखकले आफ्नो जीवन गाथालाई फिल्मी ढंगले उतारेको बताए ।

‘आत्मकथा पठनिय छ । जीवन संघर्षलाई राम्ररी उतारिएको छ । पढ्न बसेपछि कतै ब्रेक लाग्दैन’ उनले भने,- कुनै बेला बलिष्ठ खेलाडी देख्दा गुण्डा वा दादा लाग्थ्यो तर, खेलाडीभित्रको सुकोमल पक्ष, राष्ट्रिय भावना र अवरोह आरोह पुस्तकमा छ । सिलसिलाबद्ध ढंगले पुस्तक लेखिएकाले भारतीय फिल्म मेरी कोम जस्तै फिल्म बन्न सक्ने बताए । त्यस्तै, नेपाल खेलकुद् पत्रकार मन्चका अध्यक्ष महेश आचार्यले पुस्तकले खेलकुद्भित्रको तत्कालिन माहोललाई राम्ररी उजागर गरेको बताए ।

मध्यपश्चिम क्षेत्रीय खेलकुद् विकास समितिका अध्यक्ष भीम ओली खेलकुद् क्षेत्रको दस्तावेजीकरणको नयाँ अध्याय सुरू भएको बताए । यसैगरी, सांसद आशा बिक, नेपाल राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेलाडी संघका महासचिव दीपक श्रेष्ठ, राखेप उपाध्यक्ष लामा टेण्डी शेर्पा, नेपाल भारत्तोलक संघका अध्यक्ष रतनकुमार टण्डन, पश्चिमान्चल क्षेत्रीय खेलकुद् विकास समितिका अध्यक्ष खगराज पौडेल लगायतले बोल्दै लेखक हमाललाई शुभकामना दिएका छन् ।

क्रियटिभ बुक्सका अध्यक्ष टीएस ठकुरीले खेलकुद् क्षेत्रको पहिलो आत्मकथा भएकाले आफ्नो प्रकाशन गृहले ओलम्पियनबाट आफ्नो यात्रा प्रारम्भ गरेको बताए ।




## “सुब्बा साब”

# दशैंमा आउँदै




*न्यूज ओके रिपोर्टर*
भैरहवा ।

भैरहवा र बुटवलका युवाहरू द्वारा निर्मित चलचित्र ‘सुब्बा साब’ दशैंको समयमा प्रदर्शन हुने भएको छ । निजामती कर्मचारी सुब्बाको जीवनीलाई कथावस्तु बनाइ तयार भएको सुब्बासाब आशुतोष फिल्मस प्रोडक्सन प्रा.लि. र शुभ सक्षम म्युजिक प्रा.लि.को व्यानरमा निर्माण भएको चलचित्रका निर्माताहरू भैरहवाका जीवन अर्याल, राम बहादुर कोइरी, चन्द्रमणी अधिकारी(रामु) तथा बुटवलका कुलचन्द्र पाण्डे र हिरामणी न्यौपाने हुन् । चलचित्रका निर्देशक राजु अधिकारी छन् । चलचित्रको धेरै जसो भाग भैरहवा र बुटवल तथा वरपर छायांकन भएको छ । चलचित्र आगामी असोज २१ गते देशभर एकसाथ प्रदर्शन गर्ने तयारी भइरहेको निर्माता जीवन अर्यालले बताए । प्रदर्शन मिति घोषणा एवं तयारीसँगै फिल्मको फष्टलुक पनि सार्वजनिक गरिएको छ ।

निर्माता अर्यालले चलचित्रले निजामती कर्मचारी सुब्बाको इमान्दारिता र राष्ट्र सेवा अनि सन्तान प्रतिको माया र दायित्वलाई अत्यन्त मार्मिक तरिकाले प्रस्तुत गरिएकाले सबैले मनपराउने विश्वास व्यक्त गरे ।

चलचित्रमा जीवन लुंइटेल, सरोज खनाल, गौरी मल्ल, वर्षा शिवाकोटी र जानवी बस्नेत लगायतको अभिनय छ ।

हिरामणि न्यौपानेको कथा र संगीत, शर्मिला न्यौपानेको गीत, कमल राई र गोविन्द्र प्रभातको नृत्य, सञ्जय तुम्रूक, डेबिड, अञ्जु पन्त, मिलन अमात्य र संयोग योगीको स्वर, सुवास देवकोटाको सम्पादन, मौनता श्रेष्ठको पटकथा तथा संवाद रहेको निर्माता राम बहादुर कोइरीले बताए ।







पोर्ट मिडिया प्रा.लि.द्वारा प्रकाशित न्यूज ओके राष्ट्रिय साप्ताहिकका लागि अध्यक्षः **बिमल सेञ्चुरी**, सम्पादकः **मनोरञ्जन शर्मा**, प्रधान कार्यालयः सिद्धार्थनगर नगरपालिका-१३, देवकोटा चोक, भैरहवा, फोनः ९८५७०६२३५२, इमेलः newsok52@gmail.com, URL: www.newsok.com.np